# नगर शिक्षा योजना

# बेलबारी नगरपालिका

## (२०८३/०८४-२०८७/०८८)



**प्रकाशक**

बेलबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश
मोरङ
२०८३

बेलबारी, मोरङ
www.belbarimun.gov.np
021-434259

# नगर शिक्षा योजना

# बेलबारी नगरपालिका

# (२०८३/०८४–२०८७/०८८)


<u>प्रकाशक</u>

**बेलबारी नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

कोशी प्रदेस

२०८३

## नगर प्रमुखको भनाइ



शिक्षा ज्ञान हस्तान्तरणको माध्यम मात्र नभएर यो विज्ञान, प्रविधि, सामाजिक न्याय र आर्थिक समृद्धिको मूल आधार पनि हो । मानव समाजले आफ्ना अमूल्य सांस्कृतिक सम्पदाहरू यसै मार्फत पुस्तान्तरण गर्छ। वैज्ञानिक उपलब्धि र मूल्य मान्यताहरूलाई शिक्षाले नै संरक्षण गर्दछ । समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षाको अभावमा दिगो सामाजिक तथा आर्थिक विकासको परिकल्पना गर्न सकिँदैन। नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गर्दै आधारभूत तथा माध्यमिक तहको शिक्षाको व्यवस्थापन र विकासको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । यही संवैधानिक व्यवस्था तथा स्थानीय आवश्यकतालाई ध्यानमा राखी बेलबारी नगरपालिकाले यो नगर शिक्षा योजना तर्जुमा गरेको हो ।

यस नगरपालिकामा बसोबास गर्ने सबै नगरबासीका लागि शिक्षामा सहज पहुँच विस्तार हुँदै गएको सन्दर्भमा सिकाइ उपलब्धि सुधार, समान शैक्षिक अवसरमा सुनिश्चितता, शिक्षण सिकाइको गुणस्तर अभिवृद्धि, सूचना प्रविधिको प्रभावकारी प्रयोग, शिक्षकको पेशागत विकास तथा विद्यालयको भौतिक संरचना व्यवस्थापनका क्षेत्रमा अझै सुधार आवश्यक देखिन्छ । भौगोलिक अवस्था,आर्थिक, सामाजिक र साँस्कृतिक विविधता, लैङ्गिक विभेद तथा अपाङ्गतासँग सम्बन्धित चुनौतीका कारण सबै बालबालिकाहरुका लागि समान स्तरको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर अझै पूर्ण रूपमा सुनिश्चित हुन सकेको छैन ।

यस नगर शिक्षा योजनाले स्थानीय आवश्यकता, स्रोत,साधन तथा सम्भावनालाई आधार मानी यस नगरपालिकाको शैक्षिक क्षेत्रको समग्र सुधारका लागि स्पष्ट मार्गदर्शन प्रदान गरेको छ । योजना तयार गर्दा विद्यालय शिक्षा क्षेत्र योजना, दिगो विकासका लक्ष्यहरूसँग समन्वय कायम गरिएको छ, जसले हाम्रो शिक्षा प्रणालीलाई अझ व्यवस्थित, समावेशी र परिणाममुखी बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ ।

हाम्रो विश्वास छ शिक्षा केवल विद्यालयको सीमाभित्र सीमित रहने प्रक्रिया होइन, यो विद्यालयदेखि प्रत्येक घर भित्रसम्म प्रवेश हुने र जीवनभरी चलिरहने सिकाइको आधार हो । बालमैत्री, समावेशी, सुरक्षित तथा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता अभिवृद्धि, अविभावक तथा समुदायको सचेतना अभिबृद्धि तथा सक्रिय सहभागिता र उत्तरदायी शासकीय अभ्यासमार्फत शिक्षा क्षेत्रमा दिगो सुधार सम्भव छ ।

यस योजनाको सफल कार्यान्वयनका लागि निर्वाचित जनप्रतिनिधिहरू, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र लगायत सबै सरोकारवालाहरुको सक्रिय सहकार्य र साझा प्रतिबद्धता आवश्यक छ । सामूहिक प्रयास र योजनाको प्रभावकारी कार्यान्वयन मार्फत हाम्रो नगरलाई सिकाइमैत्री, समावेशी तथा गुणस्तरीय शिक्षाको नमुना स्थानीय तहका रूपमा विकास गर्ने हाम्रो दृढ संकल्प व्यक्त गर्दछु ।

दिलप्रसाद राई

नगर प्रमुख

बेलबारी नगरपालिका

# नगर उपप्रमुखको भनाइ



शिक्षा राष्ट्र निर्माणको मेरुदण्ड हो । दिगो विकासको लागि योजनाबद्ध, गुणस्तरीय र जीवनपर्यन्त सिकाइको अवसर सिकारुलाई प्राप्त हुनुपर्छ । समाज विकास गर्ने सबैभन्दा निर्णायक क्षेत्र भनेको शिक्षा क्षेत्र नै हो । शिक्षा जीवन जिउने कला र समाज रूपान्तरणको माध्यम हो । शिक्षा क्षेत्रको योजनाबद्ध विकासले अन्य क्षेत्रको विकासलाई निर्देशित गर्दछ । नेपालको संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन र विकासको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा बेलबारी नगरपालिकाको समग्र शिक्षाको विकासका लागि यो नगर शिक्षा योजना तर्जुमा गरिएको छ । बेलाबारी नगरपालिकाको शिक्षा योजना यस नगरको शिक्षा क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय र समावेशी बनाउने उद्देश्यले तय गरिएको रणनीतिक र कार्यान्वयनमुखी योजना हो । यसले विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, वैकल्पिक शिक्षा, साक्षरता, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार, सिकाइ उपलब्धि सुधार लगायतका विषय र क्षेत्रहरु लाई समेटेको छ । यो योजनाले नगर क्षेत्र भित्र बसोवास गर्ने सबै बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा आर्जनमा समान अवसर प्रदान गरेको छ । सबै सरोकारवालाहरुको सहभागिता र सहयोगमा यस योजनाको प्रभावकारी कार्यान्वयन हुने छ भन्ने विश्वास लिएका छौं । साथै बेलबारी नगरपालिकालाई युग सुहाउँदो, सिपमुलक, प्राविधिक र जीवनोपयोगी शिक्षाको माध्यमबाट आमुल परिवर्तन गरी नमुना नगरको रुपमा विकास गर्ने प्रतिबद्धता गर्दछौं ।

नितु थापा कोइराला

उपप्रमुख

## योजना तर्जुमा समिति

श्री कृष्ण बहादुर गुरुङ - संयोजक

श्री गोविन्द भण्डारी -सदस्य

श्री कृष्ण हुमागाई -सदस्य

श्री घनश्याम गौतम- सदस्य

श्री हरि नारायण चौधरी -सदस्य

श्री गिता शिवा - सदस्य

श्री ईन्द्र कुमारी गच्छदार- सदस्य

श्री नरमाया रोक्का - सदस्य सचिव

## योजना निर्माण कार्यदल

श्री गुरूप्रसाद अधिकारी, स्रोत विज्ञ, शिक्षा, यूवा तथा खेलकुद शाखा- संयोजक

श्री सिताराम बोहोरा, शिक्षा अधिकृत, शिक्षा, यूवा तथा खेलकुद शाखा- सदस्य

श्री दीक्षा तुम्सा, प्रधानाध्यापक, महेन्द्र मा. वि. बेलबारी १०- सदस्य

## योजना मुल्याङ्कन विज्ञ टोली

श्री भुपेन्द्रप्रसाद कोइराला, क्याम्पस प्रमुख, बेलबारी बहुमुखी क्याम्पस - संयोजक

श्री गणेशप्रसाद दहाल, सह प्राध्यापक, सुकुना बहुमुखी क्याम्पस- सदस्य

श्री तोर्णराज पौडेल, प्रधानाध्यापक, धनपाल माध्यामिक विद्यालय बेलबारी ५- सदस्य

## भाषा सम्पादन

श्री अनुप भट्टराई, मा शि नेपाली, श्री काली मा वि बेलबारी - ९, मोरङ

## विषयसूची


| शिर्षक | पेज नम्बर |
| --- | --- |
| **परिच्छेद १** | |
| **परिचय** | **१-८** |
| १.१ भौगोलिक अवस्थिति | |
| १.२ जनसाङ्ख्यिक संरचना | |
| १.३ सामाजिक तथा सांस्कृतिक अवस्था | |
| १.४ आर्थिक अवस्था | |
| १.५ शैक्षिक अवस्था | |
| २. सबल पक्षहरु | |
| ३. शिक्षा क्षेत्रका समस्याहरू | |
| ४. अवसरहरू | |
| ५. चुनौतीहरू | |
| **परिच्छेद २** | |
| **दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य** | **९-१३** |
| २.१ दूरदृष्टि | |
| २.२ लक्ष्य | |
| २.३ उद्देश्य | |
| २.४ रणनीतिहरु | |
| २.५ अपेक्षित उपलब्धि | |
| २.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य | |
| **परिच्छेद ३** | |
| **विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु** | **१४-२८** |
| ३.१ प्रारम्भिक बालविकास र शिक्षा | |
| ३.१.१ परिचय | |
| ३.१.२ वर्तमान अवस्था | |
| ३.१.३ उद्देश्य | |
| ३.१.४ रणनीतिहरू | |
| ३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य | |
| ३.२ आधारभतू शिक्षा | |
| ३.२.१ परिचय | |
| ३.२.२ वर्तमान अवस्था | |
| ३.२.३ उद्देश्य | |
| ३.२.४ रणनीतिहरू | |
| ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | |

३.३ माध्यमिक शिक्षा
३.३.१ परिचय
३.३.२ वर्तमान अवस्था
३.३.३ उद्देश्य
३.३.४ रणनीतिहरू
३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
३.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ
३.४.१ परिचय
३.४.२ वर्तमान अवस्था
३.४.३ उद्देश्य
३.४.४ रणनीतिहरू
३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**परिच्छेद ४**

**अन्तरसम्बन्धित विषय क्षेत्रहरू** २९-४७
४.१ पाठ्यक्रम र मूल्याङ्कन
४.१.१ परिचय
४.१.२ वर्तमान अवस्था
४.१.३ उद्देश्य
४.१.४ रणनीतिहरू
४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

४.२ शिक्षक व्यवस्थापन र विकास
४.२.१ परिचय
४.२.२ वर्तमान अवस्था
४.२.३ उद्देश्य
४.२.४ रणनीतिहरू
४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
४.३ समता र समावेशीकरण
४.३.१ परिचय
४.३.२ वर्तमान अवस्था
४.३.३ उद्देश्य
४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम
४.४.१ परिचय
४.४.२ वर्तमान अवस्था
४.४.३ उद्देश्यहरु

४.४.४ रणनीतिहरू
४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य
४.५ आपतकालीन अवस्थामा शिक्षा
४.५.१ परिचय
४.५.२ वर्तमान अवस्था
४.५.३ उद्देश्य
४.५.४ रणनीति
४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
४.६ विद्यालय भौतिक पूर्वाधार विकास
४.६.१ परिचय
४.६.२ वर्तमान अवस्था
४.६.३ उद्देश्य
४.६.४ रणनीतिहरू
४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य
४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि
४.७.१ परिचय
४.७.२ वर्तमान अवस्था
४.७.३ उद्देश्य
४.७.४ रणनीतिहरू
४.७.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य

**परिच्छेद ५**

**विद्यालय सुशासन तथा व्यवस्थापन** **४८-५५**
५.१ संस्थागत क्षमता विकास
५.१.१ परिचय
५.१.२ वर्तमान अवस्था
५.१.३ उद्देश्य
५.१.४ रणनीतिहरू
५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध
५.२.१ परिचय
५.२.२ वर्तमान अवस्था
५.२.३ उद्देश्यहरु
५.२.४ रणनीतिहरू
५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
५.३ अनुगमन तथा मूल्याङ्कन
५.३.१ परिचय
५.३.२ वर्तमान अवस्था

५.३.३ उद्देश्य
५.३.४ रणनीतिहरू
५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**परिच्छेद ६**

**लगानी र स्रोत व्यवस्थापन** **५६-५८**

६.१ परिचय
६.२ वर्तमान अवस्था
६.३ उद्देश्य
६.४ रणनीतिहरू
६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्बन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट विवरण

**परिच्छेद ७**

**कार्यान्वयन,अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण** **५९-६१**

७.१ परिचय
७.२ वर्तमान अवस्था
७.३ उद्देश्य
७.४ रणनीतिहरू
७.५ उपलब्धि

अनुसूचीहरु

# योजनाको सारांश

नगर शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी,गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो । यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ ।योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन ।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ । यसले विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका,सीमान्तीकृत समुदाय)का लागि विशेष कार्यक्रम, तथा औपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिइएको छ ।

कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन-मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ । स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक निजी साझेदारीलाई जोड दिइएको छ ।

समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो । योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सीप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

## क) विषय प्रवेश

संविधानतः संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ । नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ ।यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय,जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो । यस योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ । साथै, यसले संघीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र

योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG-4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुऱ्याउँछ ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागितामूलक र समावेशी हुनुपर्दछ । यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ । यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गता मैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरूसहितको स्थानीय शिक्षा योजना मार्फत स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो । गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन । संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ । स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो । देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ । एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ । यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ ।

शिक्षा योजना निर्माणको अर्को महत्त्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो । शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेट बिचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ ।

समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो । बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ । शिक्षा योजनाले Gender Equality and Social Inclusion(GESI) उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि

परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ ।

त्यसैगरी,शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ । शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ । साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने भौतिक पूर्वाधार तथा शिक्षण सिकाइ प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ ।

यसरी, शिक्षा योजनाले स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ । यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ । त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो ।

## ग) योजना निर्माण प्रक्रिया

शिक्षा योजना निर्माण गर्दा देहायबमोजिमका सामग्रीहरूलाई आधार लिइएको छ ।

१. नेपालको संविधान
२. सोह्रौं आवधिक योजना
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
४. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
५. राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच
६. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५
७. विद्यालय शिक्षा क्षेत्र योजना
८. राष्ट्रिय शिक्षा नीति, २०७६
९. दिगो विकास लक्ष्य
१०. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
११. स्थानीय तहको मध्यकालीन खर्च संरचना
१२. राष्ट्रिय जनगणनाको प्रतिवेदन, २०७८
१३. राजनीतिक दलका घोषणापत्रहरु
१४. विद्यालय सुधार योजनाहरु ।
१५. Integrated Educational Management Information System (IEMIS)
१६. बेलबारी नगरपालिकाको वेवसाईट
१७. योजना निर्माणको क्रममा गरीएका बैठकका निर्णयहरु र उपस्थितिहरु अनुसूचीमा समावेश गरिएको छ ।

## घ) योजनाको दस्तावेजको स्वरूप

यस योजनाको पहिलो परिच्छेदमा बेलबारी नगरपालिकाको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्याहरु चुनौतीहरु र अवसरहरु उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरु प्रस्तुत गरिएको छ ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन् । परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपत्कालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् ।

परिच्छेद पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली समावेश गरिएको छ । परिच्छेद ६ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ । परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरु उल्लेख गरिएको छ ।

# परिच्छेद १
# परिचय

## १.१ भौगोलिक अवस्थिति

बेलबारी नगरपालिका कोशी प्रदेश अन्तर्गत मोरङ जिल्लामा अवस्थित छ । यस नगरपालिकाका वडा नं. ५,६ र ७ मोरङ जिल्लाको निर्वाचन क्षेत्र नं. ४ र बाँकी ८ वटा वडा निर्वाचन क्षेत्र नं. ३ अन्तर्गत पर्दछन् । नेपाल सरकारबाट २०७१ साल वैशाखमा २५ गते साबिकका बेलबारी र कसेनी गाउँ विकास समिति मिलाएर बेलबारी नगरपालिका बने पछि २०७३ को राज्यको पुनर्संरचना अनुसार साबिकका बाहुनी र डाँगीहाट गाउँ विकास समितिसमेत गाभिएर बेलबारी नगरपालिका बनेको हो । पूर्वमा लेटाङ नगरपालिका र कानेपोखरी गाउँपालिका, पश्चिममा सुन्दरहरैंचा नगरपालिका र ग्रामथान गाउँपालिका, उत्तरमा लेटाङ नगरपालिका र केराबारी गाउँपालिका तथा दक्षिणमा रङ्गेली नगरपालिका रहेको यस नगरपालिकामा जम्मा ११ वटा वडा रहेका छन ।

यो नगरपालिका अक्षांश २६०,३६÷,१६" देखि २६०,४३÷,३३" उत्तरसम्म र देशान्तर २७०,३२÷,२६",देखि २८०,२८÷,४२" पूर्वसम्म रहेको छ । यस नगरपालिकाको क्षेत्रफल १३२.७९ वर्ग.कि.मि.छ । एसियन हाइवेले पूर्वमा चिसाङ खोलादेखि पश्चिममा किस्ती खोलासम्म छोएको छ भने पूर्वमा चिसाङ खोलादेखि पश्चिममा पुरानो बेलबारी बजारसम्म हाइवेको उत्तरतर्फ पुरै र दक्षिणतर्फ आंशिक रुपमा चारकोसे झाडी रहेको छ । उत्तरतर्फ एसियन हाइवे रहेको हुँदा हाइवेको आसपासमा तीव्र सहरीकरण बढ्दै गएको छ ।

## १.२ जनसाङ्ख्यिक संरचना

राष्ट्रिय जनगणना २०७८ अनुसार बेलबारी नगरपालिकाको कूल जनसङ्ख्या ८१ हजार ७ सय ७१ रहेको छ, जसमा महिला ४३ हजार ४ सय ७४ र पुरुष ३८ हजार २ सय ९७ रहेका छन् ।

## १.३ सामाजिक तथा सांस्कृतिक अवस्था

सामाजिक तथा सांस्कृतिक दृष्टिले बेलबारी ऐतिहासिक महत्त्व बोकेको ठाउँ हो । सेन कालभन्दा अघि नै बेलबारीको सेनकीमा धनपाल नामका एक जना रजौटाले शासन गर्दथे । तिनको राजधानी र दरबारका अवशेषहरू अहिले पनि कसेनीमा रहेको छन् । यसलाई नगरपालिकाले ऐन निर्माण गरी संरक्षण गरेर राखेको छ, जसलाई धनपालगढीका नामले जान्ने गरिन्छ । ऐतिहासिक कालमा यो क्षेत्र घना जङ्गलले ढाकेको थियो । अहिले पनि राजमार्ग उत्तर क्षेत्र जङ्गलले नै ढाकिएको छ ।

पुराना बुढापाकाहरूको भनाइअनुसार त्यस समयमा यहाँको जङ्गल क्षेत्रमा प्रशस्त बेलका रुखहरू पाइने हुनाले कालान्तरमा यस क्षेत्रको नाम नै "बेलबारी" रहन गएको हो । अर्थात् बेलै बेलको घारी भएको हुनाले यस ठाउँको नाम बेलबारी रहन गएको भन्ने भनाइ रही आएको छ । तर हाल भने यस भेगमा बेलको जङ्गल सामान्य मात्र रहेको पाइन्छ ।

बसोबासको हिसाबले यहाँ ब्राह्मण, क्षेत्री, राई, लिम्बू, धिमाल, थारू, तामाङ, मगर, गुरुङ, राजवंशी, खवास, दलित लगायत विभिन्न जातजातिहरूको सहअस्तित्व पाइन्छ । विविध भाषा, धर्म र परम्पराहरूले यहाँको सामाजिक बनावटलाई संमृद्ध बनाएका छन् । धार्मिक तथा सांस्कृतिक पर्व,उत्सवहरू जस्तै दसैं, तिहार,छठ,जितिया, होली आदि सामूहिक रूपमा मनाइन्छन्, जसले सामाजिक सद्भाव र सहकार्यको भावना बलियो बनाउँछ । सहरीकरण र बाह्य बसाइँसराइका कारण सांस्कृतिक मिश्रण बढ्दै गएको छ, जसले आधुनिकता र परम्पराको संयोजनलाई देखाउँछ ।

बेलबारी नगरपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था विविधतायुक्त र गतिशील छ । बहुजातीय र बहुसाँस्कृतिक सामाजिक संरचना तथा ऐतिहासिक पहिचान यस नगरपालिकाका मुख्य विशेषता हुन् । तर तीव्र सहरीकरण, सांस्कृतिक क्षयको जोखिम र सामाजिक असमानता जस्ता चुनौतीहरू पनि देखा परिरहेका छन । तसर्थ, समावेशी विकास नीति, सांस्कृतिक संरक्षण कार्यक्रम र लैङ्गिक समानतामा केन्द्रित पहलहरू आवश्यक देखिन्छन्।

## १.४ आर्थिक अवस्था

बेलबारी नगरपालिकाको अर्थतन्त्र मुख्यतः कृषि, सेवा, व्यापार क्षेत्रमा केन्द्रित रहेको छ । सहरीकरण बढ्दै गएका कारण यहाँ घरजग्गा कारोबार, होटल तथा रेस्टुरेन्ट व्यवसाय, यातायात सेवा, निजी शैक्षिक संस्था, बैंक तथा वित्तीय संस्थाहरूको विस्तार भएको छ । तथापि अर्थतन्त्रको मुख्य आधार अहिले पनि कृषि नै भएको पाइन्छ ।

बेलबारीको आर्थिक अवस्था अवसर र चुनौती दुवै पक्षबाट प्रभावित छ । एकातर्फ, सहरीकरणले लगानी, रोजगारी र उद्यमशीलताका सम्भावना बढाएको छ भने अर्कोतर्फ असंगठित श्रम बजार, सिप र बजार मागबिच असन्तुलन तथा आय असमानता जस्ता समस्या विद्यामान छन् । तीव्र र केही हदसम्म अव्यवस्थित सहरीकरणले दीर्घकालीन आर्थिक योजना र दिगोपनामा असर पार्न सक्ने जोखिम पनि देखिन्छ । त्यसैले स्थानीय सरकारले सिपमूलक तथा प्राविधिक शिक्षा प्रवर्द्धन, साना तथा मझौला उद्यम विकास, महिला तथा युवामुखी उद्यमशीलता कार्यक्रम सञ्चालन र उत्पादनमुखी क्षेत्र विस्तारमा विशेष ध्यान दिन आवश्यक देखिन्छ । व्यवस्थित सहरी योजना, दिगो पूर्वाधार विकास र स्थानीय स्रोत—साधनको अधिकतम उपयोग गर्न सके बेलबारी नगरपालिकाको अर्थतन्त्रलाई थप सबल, समावेशी र प्रतिस्पर्धात्मक बनाउन सकिन्छ ।

बेतना सिमसार क्षेत्र यस नगरपालिकाको प्रमुख पर्यटकीय क्षेत्रको रुपमा चिनिन्छ भने धनपालथान अर्को महत्त्वपूर्ण पर्यटकीय गन्तव्य हो । यस क्षेत्र भएर बग्ने प्रमुख नदी तथा खोलाहरुमा लोहन्द्रा,चिसाङ,केसलिया र किस्ती हुन् ।

## १.५ शैक्षिक अवस्था

बेलबारी नगरपालिका सहरीकरण उन्मुख क्षेत्र भएकाले यहाँको शैक्षिक अवस्था, संरचनागत विस्तार र गुणस्तर सुधारको संक्रमणको चरणमा रहेको देखिन्छ । यस नगरपालिकामा एउटा त्रि. वि. बाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस, ३१ वटा सामुदायिक विद्यालयहरु र ३५ वटा संस्थागत विद्यालयहरु र ३ वटा सामुदायिक सिकाइ केन्द्रहरु छन् । यो अवस्था शिक्षामा पहुँचको दृष्टिले सकारात्मक आधार हो । यसले आधारभूत तथा

माध्यमिक तहसम्मको शैक्षिक पहुँच सुनिश्चित गर्न सहयोग पुगेको देखिन्छ । तर बढ्दो जनसङ्ख्या र सहरीकरणको दबाबका कारण विद्यालय भवन, कक्षाकोठा, प्रविधिको पहुँच खेलमैदान, घेराबारा, प्रयोगशाला तथा चमेनागृह जस्ता भौतिक पूर्वाधार सबै विद्यालयमा समान रूपमा वितरण भएका छैनन् । नगरपालिकाले आफ्नो शिक्षा नीतिमा शत प्रतिशत भर्ना दर पुर्‍याउने र विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याउने लक्ष्य राखेको छ ।

शिक्षक व्यवस्थापनका दृष्टिले विज्ञान, गणित र अङ्ग्रेजी जस्ता विषयमा विषयगत शिक्षक अभाव प्रमुख चुनौतीका रूपमा रहेको छ । यसले सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पार्न सक्छ । महिला शिक्षकहरूको नेतृत्व विकास तालिम र अनुसन्धान प्रवर्द्धनका क्षेत्रमा सकारात्मक पहल भएको भए पनि तिनको प्रभावकारिता विद्यालयस्तरमा देखिन निरन्तर अनुगमन आवश्यक छ ।

विद्यार्थी भर्ना दर सन्तोषजनक भए पनि केही बालबालिकाहरु अझै पनि विद्यालय बाहिर रहेको वा बिचैमा कक्षा छोड्ने गरेको अवस्था कायमै छ । गरिबी, पारिवारिक अवस्था, बसाइँसराइ र सिकाइप्रतिको अभिरुचि जस्ता कारणले ड्रपआउट दर प्रभावित हुन सक्छ । "भर्ना शतप्रतिशत" र "ड्रपआउट शून्य" लक्ष्य हासिल गर्न सामाजिक परिचालन, छात्रवृत्ति, दिवा खाजा तथा पोसाक कार्यक्रमलाई थप प्रभावकारी बनाउनु आवश्यक देखिन्छ । सिकाइ उपलब्धि सुधारका लागि शिक्षक क्षमता, निरन्तर मूल्याङ्कन प्रणाली र प्रविधि एकीकरण अपरिहार्य छन ।

लैङ्गिक तथा सामाजिक समावेशीकरणका सन्दर्भमा कूल साक्षरता दर उच्च भए पनि पुरुष र महिलाबिचको अन्तरले समान अवसर सुनिश्चित गर्न अझै प्रयास आवश्यक रहेको देखाउँछ । अपाङ्गता भएका विद्यार्थी, दलित तथा सीमान्तीकृत समूहलाई छात्रवृत्ति, विशेष शिक्षण सामग्री र समावेशी पूर्वाधार उपलब्ध गराउने नीति सकारात्मक छ । शारीरिक, दृष्टि, श्रवण वा अटिज्म जस्ता विभिन्न प्रकृतिका अपाङ्गता अनुसार सहयोगको व्यवस्था गर्ने योजना समावेशी शिक्षाको गुणस्तर अभिवृद्धिका लागि महत्त्वपूर्ण आधार हो ।

वातावरणमैत्री तथा बालमैत्री पूर्वाधार निर्माण, सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित विद्यालय अवधारणा लागु गर्ने प्रयासले सिकाइ वातावरण सुधारतर्फ सङ्केत गर्दछ । तर सबै विद्यालयमा आधुनिक प्रयोगशाला, कम्प्युटर ल्याब र इन्टरनेट सुविधा उपलब्ध नभएकाले प्रविधिमा असमानता देखिन्छ ।

शिक्षा क्षेत्रमा बजेट वृद्धि, स्मार्ट प्रविधि प्रयोग, प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार र निजी क्षेत्रसँग साझेदारी गर्ने नीति दीर्घकालीन रूपमा सकारात्मक सम्भावना बोकेको छ । यदि यी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिए भने सिकाइ उपलब्धि सुधार, रोजगारीसँग शिक्षा जोड्ने अवसर र समावेशी गुणस्तरीय शिक्षा प्रणाली विकास हुने सम्भावना उच्च देखिन्छ । विद्यार्थी सिकाई उपलब्धिको वर्तमान अवस्था तलको तालिकामा प्रस्तुत गरीएको छ ।

## आधार वर्ष (शैक्षिक सत्र २०८२) मा कक्षा १ देखि ९ सम्मको कक्षागत र विषयगत सिकाइ उपलब्धि GPA मा

| क्र.स. | विषय | कक्षागत औषत जि.पि.ए. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| १ | नेपाली | ३.३६ | ३.३७ | ३.४० | ३.०९ | ३.२१ | ३.०१ | २.९५ | २.९९ | २.७५ |
| २ | अङ्ग्रेजी | ३.३३ | ३.२४ | ३.३१ | २.९३ | ३.२९ | ३.११ | २.९७ | २.९६ | २.८८ |
| ३ | गणित | ३.२४ | ३.३२ | ३.३३ | २.८५ | ३.१५ | २.९७ | २.७६ | २.९१ | २.६२ |
| ४ | स्थानिय विषय | ३.२२ | ३.१० | ३.०५ | २.९१ | ३.१५ | ३.०५ | २.९० | ३.३७ | * |
| ५ | विज्ञान तथा प्रविधि | * | * | * | ३.०० | ३.२१ | ३.०१ | २.८४ | २.९९ | २.६७ |
| ६ | स्वास्थ्य तथा शारिरीक शिक्षा | * | * | * | २.८६ | ३.२० | ३.१० | ३.०५ | ३.१५ | * |
| ७ | सामाजिक अध्ययन तथा मानव मुल्य शिक्षा | * | * | * | २.९८ | ३.२३ | ३.०४ | २.९३ | २.९९ | २.६७ |
| ८ | ऐच्छिक प्रमथ | * | * | * | * | * | * | * | * | २.७५ |
| ९ | ऐच्छिक द्वितीय | * | * | * | * | * | * | * | * | २.७७ |
| | समग्र जिपिए | ३.२९ | ३.२६ | ३.२७ | २.९५ | ३.२१ | ३.०४ | २.९१ | ३.०५ | २.७३ |

## आधार वर्ष (शैक्षिक सत्र २०८२) मा कक्षा ५ को विषयगत र समग्र सिकाइ उपलब्धि र लक्ष GPA मा

| क्र.स. | विषय | आधार वर्ष शैक्षिक सत्र २०८२ को स्थिति | शैक्षिक सत्र २०८३ को लक्ष्य | शैक्षिक सत्र २०८४ को लक्ष्य | शैक्षिक सत्र २०८५ को लक्ष्य | शैक्षिक सत्र २०८६ को लक्ष्य | शैक्षिक सत्र २०८७ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | ३.२१ | ३.३१ | ३.४१ | ३.५१ | ३.६१ | ३.७१ |
| २ | अङ्ग्रेजी | ३.२९ | ३.३९ | ३.४९ | ३.५९ | ३.६९ | ३.७९ |
| ३ | गणित | ३.१५ | ३.२५ | ३.३५ | ३.४५ | ३.५५ | ३.६५ |
| ४ | विज्ञान तथा प्रविधि | ३.२१ | ३.३१ | ३.४१ | ३.५१ | ३.६१ | ३.७१ |
| ५ | स्वास्थ्य तथा शारिरीक शिक्षा | ३.२० | ३.३० | ३.४० | ३.५० | ३.६० | ३.७० |
| ६ | सामाजिक अध्ययन तथा मानव मुल्य शिक्षा | ३.२३ | ३.३३ | ३.४३ | ३.५३ | ३.६३ | ३.७३ |
| ७ | स्थानिय विषय | ३.१५ | ३.२५ | ३.३५ | ३.४५ | ३.५५ | ३.६५ |
| | समग्र जिपिए | ३.२१ | ३.३१ | ३.४१ | ३.५१ | ३.६१ | ३.७१ |

**आधार वर्ष (शैक्षिक सत्र २०८२) मा कक्षा ८ को विषयगत र समग्र सिकाइ उपलब्धि र लक्ष GPA मा**

| क.स. | विषय | आधार वर्ष शैक्षिक शत्र २०८२ को स्थिति | शैक्षिक शत्र २०८३ को लक्ष्य | शैक्षिक शत्र २०८४ को लक्ष्य | शैक्षिक शत्र २०८५ को लक्ष्य | शैक्षिक शत्र २०८६ को लक्ष्य | शैक्षिक शत्र २०८७ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | २.९९ | ३.१२ | ३.२५ | ३.३८ | ३.५१ | ३.६४ |
| २ | अङ्ग्रेजी | २.९६ | ३.१० | ३.२४ | ३.३८ | ३.५२ | ३.६६ |
| ३ | गणित | २.९१ | ३.०६ | ३.२१ | ३.३६ | ३.५१ | ३.६६ |
| ४ | विज्ञान तथा प्रविधि | २.९९ | ३.१२ | ३.२५ | ३.३८ | ३.५१ | ३.६४ |
| ५ | स्वास्थ्य तथा शारिरीक शिक्षा | ३.१५ | ३.२५ | ३.३५ | ३.४५ | ३.५५ | ३.६५ |
| ६ | सामाजिक अध्ययन तथा मानव मुल्य शिक्षा | २.९९ | ३.१२ | ३.२५ | ३.३८ | ३.५१ | ३.६४ |
| ७ | स्थानिय विषय | ३.३७ | ३.४७ | ३.५७ | ३.६७ | ३.७७ | ३.८७ |
|  | समग्र जिपिए | ३.०५ | ३.१८ | ३.३० | ३.४३ | ३.५५ | ३.६८ |

**आधार वर्ष (शैक्षिक सत्र २०८२) मा आधारभूत तह उतीर्ण परीक्षा  कक्षा ८ र माध्यमिक शिक्षा कक्षा १० को परीक्षाको नतिजा र आगामी ५ वर्षको लक्ष्य**

| क.स. | विवरण | आधार वर्ष शैक्षिक शत्र २०८२ को स्थिति | शैक्षिक शत्र २०८३ को लक्ष्य | शैक्षिक शत्र २०८४ को लक्ष्य | शैक्षिक शत्र २०८५ को लक्ष्य | शैक्षिक शत्र २०८६ को लक्ष्य | शैक्षिक शत्र २०८७ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत तह परीक्षामा ग्रेड प्राप्त गर्ने परीक्षार्थी प्रतिशत (ग्रेड वृद्दी अगाडिको) | ६८.८० | ७३.५० | ७८.२० | ८२.९० | ८७.६० | ९२.३० |
| २ | माध्यमिक शिक्षा परीक्षामा ग्रेड प्राप्त गर्ने परीक्षार्थी प्रतिशत (ग्रेड वृद्दी अगाडिको) | ९०.७० | ९१.७० | ९२.७० | ९४.७० | ९६.७० | ९८.५० |

## २. सबल पक्षहरू

बेलबारी नगरपालिकाले शिक्षा क्षेत्रमा उल्लेखनीय सकारात्मक तथा असल अभ्यासहरू कार्यान्वयनमा ल्याएको छ । स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको अधिकारको प्रभावकारी उपयोग गर्दै आधारभूत तथा माध्यमिक शिक्षालाई निशुल्क र अनिवार्य बनाउने दिशामा विद्यार्थी भर्ना अभियान, विशेष छात्रवृत्ति कार्यक्रम तथा दिवा खाजा जस्ता लक्षित कार्यक्रम सञ्चालन गरिएका छन् । कक्षा ७, ८, ९ र १० का विद्यार्थीहरुलाई निशुल्क कोचिङको व्यवस्था कक्षा ११ र १२ का लागि निशुल्क छात्रवृत्ति जस्ता कार्यक्रमहरूले गरिब, विपन्न तथा सीमान्तीकृत परिवारका बालबालिकालाई विद्यालयमा टिकाइ राख्न महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

विद्यालय वातावरण सुधारका लागि बालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइएको छ । "एक वडा एक बाल उद्यान", "एक विद्यार्थी एक बिरुवा" र "एक विद्यालय एक बगैंचा" जस्ता अवधारणाहरूले सिकाइलाई व्यवहारिक, वातावरणसँग जोडिएको र जीवनोपयोगी बनाउने प्रयास गरेका छन । सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित परिसर निर्माणले विद्यालयलाई सिकाइ अनुकूल बनाउने दिशामा सकारात्मक परिणाम देखाउन थालेको छ ।

शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रविधि एकीकरणमा विशेष ध्यान दिइएको छ । स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला विस्तार, इन्टरनेट जडान तथा डिजिटल सामग्रीको प्रयोगले आधुनिक शिक्षण सिकाइ प्रक्रिया प्रवर्द्धन गरेको छ । "एक विद्यालय एक स्वास्थ्यकर्मी" र "एक विद्यालय एक मनोसामाजिक परामर्शदाता" जस्ता अभ्यासहरूले विद्यार्थीको शारीरिक तथा मानसिक स्वास्थ्यलाई पनि शिक्षा प्रणालीको अभिन्न अङ्गका रूपमा स्वीकार गरेको देखिन्छ, जसले समग्र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

समावेशी शिक्षाको क्षेत्रमा महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा अन्य सीमान्तीकृत समूहलाई विशेष प्राथमिकता दिइएको छ । अपाङ्गताको प्रकृतिअनुसार सहायक सामग्री, छात्रवृत्ति तथा आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था गरिएको छ । महिला शिक्षकहरूको नेतृत्व विकास तालिमले विद्यालय व्यवस्थापन र शैक्षिक नेतृत्वमा लैङ्गिक सन्तुलन कायम गर्न सहयोग पुऱ्याएको छ ।

यसका अतिरिक्त, सामुदायिक सिकाइ केन्द्रहरूको सक्रियता बढाई वयस्क साक्षरता, निरन्तर शिक्षा र जीवनोपयोगी सिप विकास कार्यक्रम सञ्चालन गरिएको छ । विद्यालयस्तरमा नियमित शैक्षिक अनुगमन, उपलब्धि परीक्षण, अभिभावक शिक्षक अन्तरक्रिया, अतिरिक्त क्रियाकलाप, विज्ञान प्रदर्शनी तथा प्रतिभा पहिचान कार्यक्रमहरू सञ्चालन गरी सिकाइ उपलब्धि सुधारमा ध्यान दिइएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गरी युवाहरूलाई स्वरोजगार र उद्यमशीलतातर्फ उन्मुख गराउने पहल पनि अघि बढाइएको छ ।

समग्रमा यस नगरपालिकाले शिक्षामा पहुँच, गुणस्तर, समावेशीकरण र दिगोपनालाई एकसाथ सम्बोधन गर्ने प्रयास गरेको छ । यदि यी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, निरन्तर अनुगमन र स्रोत व्यवस्थापन सुनिश्चित गर्न सकियो भने स्थानीय स्तरमै गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकासको नमुना स्थापित हुनसक्ने सम्भावना प्रबल रहेको छ ।

## ३. शिक्षा क्षेत्रका समस्याहरू

बेलबारी नगरपालिकाका शिक्षा क्षेत्रका विद्यमान समस्याहरूलाई देहायबमोजिम विश्लेषण गरिएको छ ।

### क. समतामूलक पहुँच र सहभागिता

विद्यालय भर्ना दर सन्तोषजनक भए पनि गरिबी, पारिवारिक अवस्था, बसाइँसराइ र चेतनाको अभावका कारण केही बालबालिकाहरूमा कक्षामा अनियमित उपस्थिती र बिचैमा विद्यालय छोड्ने समस्या कायम छ । अपाङ्गता भएका, दलित, सीमान्तीकृत तथा कठिन परिवेशमा रहेका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा अर्थपूर्ण सहभागिता

गराउनु अझै चुनौतीपूर्ण छ । अभिभावक शिक्षाको अभावले घर विद्यालय समन्वय कमजोर भएको देखिन्छ । समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित सहयोग, सामाजिक परिचालन र अभिभावक सचेतना तथा सशक्तीकरण कार्यक्रमलाई सुदृढ बनाउनु र निरन्तरता दिनु  आवश्यक छ ।

**ख. गुणस्तर र सान्दर्भिकता**

शिक्षण सिकाइ प्रक्रियामा परम्परागत घोकन्ते पद्धतिको प्रभाव अझै देखिन्छ ।देखिन्छ । विद्यार्थी केन्द्रित, खोजमूलक र प्रयोगात्मक शिक्षण अभ्यास सीमित छन् । विज्ञान तथा प्रविधि विषयमा प्रयोगात्मक अभ्यास र अनुसन्धान संस्कृति विकास हुन नसक्दा सिकाइ सैद्धान्तिक रूपमा सीमित भएको छ । स्थानीय सन्दर्भ समेट्ने पाठ्यक्रम विकासमा ढिलाइ हुँदा शिक्षा र स्थानीय आवश्यकता बिचको सम्बन्ध कमजोर भएको देखिन्छ । यसले जीवनोपयोगी सिप विकासमा चुनौती सिर्जना गरेको छ ।

**ग. शिक्षक व्यवस्थापन**

विद्यार्थी सङ्ख्याको अनुपातमा विषयगत शिक्षक दरबन्दी पर्याप्त छैन । विशेषगरी विज्ञान, गणित र अङ्ग्रेजी विषयमा दक्ष शिक्षक अभावले सिकाइ उपलब्धिमा प्रत्यक्ष असर पारेको छ । शिक्षकहरूको निरन्तर पेशागत विकास, प्रविधिमैत्री तालिम र समावेशी शिक्षण रणनीतिसम्बन्धी कार्यक्रम अपर्याप्त छन् ।

**घ. भौतिक पूर्वाधार**

धेरै विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय,  पुस्तकालय र पर्याप्त फर्निचर र घेराबारा  जस्ता आधारभूत सुविधा अझै अपर्याप्त छन् ।छन । कतिपय पुराना  जीर्ण अवस्थामा रहेका भवनहरू अझै विस्थापित हुन सकेका छैनन् । यसले गर्दा विद्यार्थीको सुरक्षामा जोखिम देखिन्छ । आधुनिक शिक्षणका लागि आवश्यक कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, स्मार्ट बोर्ड र उच्च गतिको इन्टरनेट सुविधा अझै पनि पर्याप्त हुन सकेको छैन ।

**पाठ्यक्रम र मूल्याङ्कन प्रणाली**

स्थानीय पाठ्यक्रम निर्माण र प्रभावकारी कार्यान्वयनमा ढिलाइ भएको छ । सिकाइ उपलब्धिको वैज्ञानिक, तथ्यमा आधारित मूल्याङ्कन प्रणाली कमजोर देखिन्छ । विद्यालयहरूको शैक्षिक तथा प्रशासनिक गतिविधिको नियमित अनुगमन र पृष्ठपोषण  प्रणाली पर्याप्त र सुदृढ छैन । लिखित परीक्षा केन्द्रित अभ्यास हाबी हुँदा सिर्जनात्मकता, जीवनोपयोगी सिप र आलोचनात्मक सोच विकासमा अपेक्षित प्रगति हुन सकेको छैन ।

**ङ. समता र समावेशीकरण**

अपाङ्गता भएका, दलित तथा सीमान्तीकृत बालबालिकाको पूर्ण र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न अझै संरचनागत सुधार आवश्यक छ । लैङ्गिक साक्षरता  सामाजिक विभेद र आर्थिक असमानताले शिक्षामा समान अवसर प्राप्तिमा अवरोध सिर्जना गरेका छन् । समावेशी पूर्वाधार,सहायक सामग्री र संवेदनशील शिक्षक तयारी अपर्याप्त हुँदा समावेशी शिक्षाको मर्म अनुसारको नतिजा प्राप्त भइरहेको छैन ।

**च. विद्यालय सुशासन र व्यवस्थापन**

विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकबिचको समन्वय सुदृढ नहुँदा योजना कार्यान्वयनमा प्रभावकारीता कमी देखिन्छ । पारदर्शी बजेट व्यवस्थापन, सहभागितामूलक योजना निर्माण र जवाफदेहिता प्रणाली पूर्ण रूपमा संस्थागत हुन सकेको छैन । अनुगमन तथा मूल्याङ्कन संयन्त्र कमजोर हुँदा विद्यालय सुधार योजना निर्माण र कार्यन्वयन प्रभावकारी रूपमा  हुन सकेको छैन । विद्यालयहरूको शैक्षिक र प्रशासनिक क्रियाकलापको चुस्त अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणालीको अभाव छ । शैक्षिक सत्र र क्यालेन्डरलाई नियमित र

व्यवस्थित बनाउन नसक्दा सिकाइ प्रक्रिया प्रभावित हुने गरेको छ । माध्यामिक र प्राविधिक शिक्षालाई गुणस्तरीय र सुविधासम्पन्न बनाउन आवश्यक पर्ने लगानी र बजेटको व्यवस्थापन चुनौतीपूर्ण रहेको छ ।
समग्रमा हेर्दा बेलबारी नगरपालिकामा शिक्षा क्षेत्रमा पहुँच विस्तार र नीतिगत प्रतिबद्धता सकारात्मक भए पनि गुणस्तर, समावेशीकरण, शिक्षक व्यवस्थापन, पूर्वाधार सुदृढीकरण र सुशासनका क्षेत्रमा थप सुधार अपरिहार्य देखिन्छ । प्रभावकारी योजना, स्रोतको उचित उपयोग र समुदायमा आधारित उत्तरदायित्व प्रणाली विकास गर्न सके यी समस्यालाई अवसरमा रूपान्तरण गर्न सकिने सम्भावना रहेको छ ।

## ४. अवसरहरू

संविधान र कानुनी व्यवस्थाअनुसार शिक्षा स्थानीय तहको अधिकारभित्र परेपछि स्थानीय सरकारले आफ्नै योजनाअनुसार गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न सक्ने अवसर प्राप्त भएको छ । यससँगै शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्ने क्षमता र तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाबाट सहकार्य र स्रोत जुटाउने वातावरण पनि उपलब्ध छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार भएसँगै डिजिटल शिक्षण सिकाइ, अनलाइन सामग्री र शिक्षक विद्यार्थी समन्वयमा सहजता आएको छ । स्थानीय पाठ्यक्रम विकासका क्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन र जीवनोपयोगी विषयवस्तु समावेश गर्न सकिने भएकाले शिक्षा केवल सैद्धान्तिक नभई व्यवहारिक र वर्तमान चुनौतीसँग सुसंगत हुने सम्भावना बढेको छ । त्यस्तै, स्थानीय स्तरमा विद्यमान रैथाने ज्ञान, सिप र प्रविधिलाई पाठ्यक्रम र सिकाइ अभ्यासमा आन्तरिकीकरण गर्न सके विद्यार्थीलाई सांस्कृतिक र सामाजिक सन्दर्भसँग जोड्न सकिन्छ । साथै, वैकल्पिक सिकाइको सहजीकरणमार्फत प्रत्येक विद्यार्थीले सिक्न पाउने अधिकार सुनिश्चित गर्न सकिने भएकाले पहुँच, समावेशीकरण र गुणस्तर एकसाथ बढाउने वातावरण तयार भएको छ । यस प्रकार, कानुनी अधिकार, स्रोत व्यवस्थापन, प्रविधि र स्थानीय ज्ञानको उपयोगले यस नगरपालिकाको शिक्षा प्रणालीलाई दिगो, समावेशी र जीवनोपयोगी बनाउन महत्त्वपूर्ण अवसर प्रदान गरेको छ ।

## ५. चुनौतीहरू

बेलबारी नगरपालिकाले शिक्षा क्षेत्रमा पहुँच, गुणस्तर र समावेशीकरण सुनिश्चित गर्न थुप्रै चुनौती र अवसरको सामना गर्दै आएको छ । लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति र अन्य सामाजिक विविधताका कारण सबै बालबालिकालाई समान रूपमा गुणस्तरीय शिक्षा प्रदान गर्न अझै धैरै प्रयास गर्नु आवश्यक छ । जनसाङ्ख्यिकीय प्रवृत्ति, जन्मदर, बसाइँसराइ, भौगोलिक विकटता र स्थानीय बनोटका कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा शिक्षक दरबन्दीको न्यायोचित वितरण आवश्यक छ, जसले विद्यार्थी र शिक्षक दुवैको सहज पहुँच सुनिश्चित गर्दछ । विद्यालयमा थप आर्थिक व्यवस्थापन गर्न कठिनाइ हुँदा निशुल्क र अनिवार्य शिक्षा पूर्ण कार्यान्वयनमा चुनौती देखिन्छ । दक्ष जनशक्तिको अभावले पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणाली सुधार तथा सूचना सञ्चार प्रविधिको प्रभावकारी प्रयोगमा बाधा पुऱ्याउँछ । साथै, विपतका अवस्थाहरू जस्तै बाढी, पहिरो महामारी वा अन्य आपत्कालीन परिस्थितिमा वैकल्पिक माध्यमबाट सिकाइ अवसर उपलब्ध गराउने रणनीति आवश्यक छ । जनसाङ्ख्यिक विविधताका कारण आजीवन सिकाइ कार्यक्रममा समान अवसर र विविधता सुनिश्चित गर्नुपर्छ। सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधार निर्माण गरी हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत संकलन आवश्यक छ, साथै जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरू अपनाउनु दिगो शिक्षा प्रणालीका लागि अनिवार्य छ । यी सबै चुनौती र अवसरलाई व्यवस्थित रूपमा सम्बोधन गर्न सकिएमा यस नगरपालिकामा समावेशी, दिगो र गुणस्तरीय शिक्षा प्रणाली विकास गर्न सकिने सम्भावना उच्च रहेको छ ।

# परिच्छेद २

# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ दूरदृष्टि

"गुणस्तरीय, समय सापेक्ष, सिपमूलक, प्रविधिमैत्री शिक्षाको माध्यमबाट सामाजिक रूपान्तरण"

## २.२ लक्ष्य

समावेशी पहुँचसहित गुणस्तरीय, समय सापेक्ष, सिपमूलक र प्रविधिमैत्री शिक्षा प्रणालीको विकासमार्फत स्थानीय आवश्यकता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, नैतिक र आत्मनिर्भर मानव संसाधन उत्पादन गर्ने ।

## २.३ उद्देश्य

क) सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

ख) सबै बालबालिकाको शिक्षामा गुणस्तरीय सान्दर्भिकता सुनिश्चित गर्नु,

ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु,

घ) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नु,

## २.४ रणनीतिहरू

### उद्देश्य १

सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता र सुनिश्चित गर्नु

### रणनीतिहरू

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि अनिवार्य र निशुल्क बनाउँदै पहुँचयोग्य र समतामूलक बनाउने ।

ख) विद्यालय जानबाट वञ्चित बालबालिकाहरूको पहिचान गर्न तथ्याङ्क सङ्कलन गर्ने र शैक्षिक सत्रको सुरुमा "विद्यार्थी भर्ना घरदैलो अभियान" सञ्चालन गर्ने ।

ग) गरिब, विपन्न, दलित र सीमान्तीकृत समूहका बालबालिकालाई विद्यालयमा आकर्षित गर्न र टिकाइराख्न दिवा खाजा, छात्रवृत्ति र पोसाक वितरण गर्ने ।

घ) विकट क्षेत्र वा अध्ययन गर्ने वातावरण नभएका बालबालिकाहरूका लागि आवश्यकता अनुसार छात्रावासको व्यवस्था गर्ने ।

ङ) अपाङ्गता भएका बालबालिकाका लागि उनीहरूको अवस्था अनुसार (शारीरिक, सुनाइ, दृष्टि, अटिज्म आदि) ब्रेल, साङ्केतिक चित्र र ह्विलचेयर जस्ता सामग्री र विशेष छात्रवृत्तिको व्यवस्था गर्ने ।

च) अपाङ्गता भएका, सीमान्तीकृत वा विशेष आवश्यकताका बालबालिकाका लागि समावेशी सिकाइ वातावरण उपलब्ध गराउने ।

छ) बालबालिकाको शिक्षामा अभिभावकलाई जिम्मेवार बनाउन अभिभावक शिक्षा कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गर्ने ।

ज) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन नियमित र नतिजामुखी तालिम प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने ।

झ) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता र वातावरणमैत्री पूर्वाधार सुनिश्चित गर्ने ।

ञ) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन नियमित र नतिजामुखी तालिम प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने ।

**उद्देश्य २**

सबै बालबालिकाको शिक्षामा गुणस्तरीय  सान्दर्भिकता सुनिश्चित गर्नु ।

**रणनीतिहरू**

क) शिक्षण सिकाइलाई प्रभावकारी बनाउन स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला र इन्टरनेट सुविधाको विस्तार गर्ने ।

ख) शिक्षाको गुणस्तर कायम गर्न नतिजामा आधारित अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणालीको विकास गर्ने ।

ग) पाठ्यक्रमलाई स्थानीय आवश्यकता, संस्कृति र जीवनोपयोगी सिपसँग मेल खाने गरी अनुकूल बनाउने ।

घ) विषयगत र कक्षागत रूपमा शिक्षक व्यवस्थापन गर्ने ।

ङ) शिक्षण सिकाइमा खोजमूलक, प्रयोगात्मक, विद्यार्थीकेन्द्रित र क्रियाकलापमा आधारित सिकाइ प्रवर्द्धन गर्ने ।

च) शिक्षकलाई नवीनतम शिक्षण विधि, ICT प्रयोग, समावेशी र गुणस्तरीय शिक्षण तालिम प्रदान गर्ने ।

छ) नियमित मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको माध्यमबाट सिकाइ उपलब्धि र गुणस्तर सुनिश्चित गर्ने ।

ज) विद्यालयमा पर्याप्त पाठ्यपुस्तक, डिजिटल सामग्री, स्मार्ट बोर्ड, कम्प्युटर ल्याब र प्रयोगशालाको उपलब्धता सुनिश्चित गर्ने ।

**उद्देश्य ३**

औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि अनौपचारिक, खुला र वैकल्पिक निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु ।

**रणनीतिहरु**

क) अनलाइन प्लेटफर्म, भिडियो क्लास, मोबाइल एप्लिकेसन र रेडियो, टेलिभिजनका माध्यमबाट वैकल्पिक सिकाइ पहुँच विस्तार गर्ने ।

ख) प्रत्येक वडामा इन्टरनेट सुविधा सहित कम्तीमा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने  ।

ग) एक वडा एक पुस्तकालय/वाचनालय" को अवधारणा अनुसार प्रत्येक सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध रहने गरी पुस्तकालयहरू स्थापना गर्ने ।

घ) नगरस्तरमा एक मुख्य पुस्तकालय स्थापना गरी वडाका पुस्तकालयहरूलाई एउटै सञ्जालमा जोड्ने ।

ङ) परम्परागत र मौलिक ज्ञान, दर्शन र प्राकृतिक विज्ञानलाई सङ्ग्रह र सूचीकरण गरी संरक्षण गर्ने ।

च) प्रत्येक टोलमा नागरिकहरूको सिकाइको चाहना पूरा गर्न र "जीवन पर्यन्त सिकाइ" लाई अभियानको रूपमा सञ्चालन गर्न स्थानीय बौद्धिक समाज गठन गर्ने ।

छ) समुदायको समन्वय र सहयोगमा टोल-टोलमा प्रौढ कक्षाहरू सञ्चालन गर्ने र उनीहरूको सिकाइ उपलब्धिलाई मापन गर्ने सूचकहरू विकास गरी कार्यान्वयन गर्ने ।

ज) अनौपचारिक शिक्षा र सामुदायिक सिकाइ केन्द्रहरूको भूमिका प्रभावकारी बनाएर बेलबारी नगरपालिकालाई "पूर्ण साक्षर तथा शिक्षित पालिका" घोषणा गर्ने ।

**उद्देश्य ४**

विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नु ।

**रणनीतिहरू**

क) शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षा परिणामसँग आबद्ध गर्ने ।

ख) शैक्षिक पेसामा संलग्न जनशक्तिमा जवाफदेहिता सुनिश्चित गर्न परिणाममा आधारित जवाफदेहिता प्रणालीको विकास गर्ने ।

ग) प्रधानाध्यापक छनोट प्रणालीलाई योग्यता र क्षमताका आधारमा हुने गरी परिमार्जन गर्ने ।

घ) विव्यसको भूमिका र जिम्मेवारीलाई समयसापेक्ष परिमार्जन गरी विद्यालयलाई स्वचालित र सफल संस्थाका रूपमा विकास गर्ने ।

ङ) विद्यालयप्रति समुदायको अपनत्व बढाउन विद्यालय समुदाय सहकार्य कार्यक्रम सञ्चालन गर्ने ।

च) विद्यालय र विद्यार्थीको विस्तृत विवरणका लागि एकीकृत तथ्याङ्क प्रणालीको विकास र सुदृढीकरण गर्ने ।

छ) सम्पूर्ण सूचनालाई सुरक्षित राख्न र 'रियल टाइम' मा प्राप्त गर्न Cloud Data Management र स्वचालित संयन्त्रको विकास गर्ने ।

ज) निजी (संस्थागत), गुठी र सहकारी विद्यालयहरूको स्थापना, अनुमति, सञ्चालन र आर्थिक पारदर्शिताको नियमित अनुगमन र नियमन गर्ने ।

झ) शैक्षिक जनशक्ति र नेतृत्व तहका लागि स्पष्ट आचारसंहिता निर्माण गरी लागू गर्ने ।

ञ) नगरपालिकाभित्र रहेका शिक्षक दरबन्दी अभिलेख अध्यावधिक गरी दरबन्दी मिलान र पुनर्वितरण गर्ने ।

ट) प्रधानाध्यापक र व्यवस्थापन समितिका लागि नेतृत्व विकास तालिम तथा शिक्षक र कर्मचारीहरूका लागि नियमित पेसागत क्षमता विकास तालिमहरू सञ्चालन गर्ने ।

## २.५ अपेक्षित उपलब्धि

क) सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ,

ख) सबै बालबालिकाको शिक्षामा गुणस्तरीय सान्दर्भिकता सुनिश्चित भएको हुनेछ,

ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित भएको हुनेछ,

घ) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित भएको हुनेछ ।

## २.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य

| क्र.स. | सूचक | आधार वर्ष | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | १४६.८ | १३६ | १२० | १०० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ८० | ८४ | ९२ | १०० |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | ८९.५७ | ९२ | ९५ | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १११.६४ | १०९ | १०६ | १०० |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९१.९४ | ९३ | ९५ | १०० |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | १११.४१ | १०९ | १०६ | १०० |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | ८७.३ | ९० | ९५ | १०० |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | ११५ | १११ | १०५ | १०० |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | ९८ | १०० | १०० | १०० |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | ९९ | १०० | १०० | १०० |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | १०.२ | ८ | ५ | ० |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | ०.९१ | ०.९३ | ०.९५ | १ |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ८८.५६ | ९१ | ९५ | १०० |

| क्र.स. | सूचक | आधार वर्ष | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | ११३ | ११० | १०६ | १०० |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ९५ | ९७ | १०० | १०० |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | ९६.८ | ९८ | १०० | १०० |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | ०.९१ | ०.९३ | ०.९५ | १ |
| २.१६ | विद्यालय बाहिर रहेका बालबालिका* (%) | ४ | २ | ० | ० |
| २.१७ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको प्रतिशत | ४३ | ४४.५ | ४७ | ५० |
| ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ६५ | ६८ | ७३ | ८० |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ७४.७७ | ८० | ८८ | १०० |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | १.०५ | १ | १ | १ |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | ९२.६९ | ९३.६ | ९६ | १०० |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | ८० | ८७ | ९४ | १०० |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | ५१ | ५७ | ६८ | ८० |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | २१.५७ | २३ | २६ | ३० |
| ४. जीवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | ७५.१४ | ८० | ८५ | ९० |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | ७९.६ | ८५ | ९० | ९५ |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | ९६ | ९९ | १०० | १०० |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | ०.८५ | ०.९० | ०.९५ | १ |

| क्र.स. | सूचक | आधार वर्ष | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| ५. सुशासन तथा व्यवस्थापन | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी : शिक्षक अनुपात(सामुदायिक विद्यालय) | १:१४ | १: १८ | १:२० | १:२५ |
| ५.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | १:३५ | १:३५ | १:३५ | १:३५ |
| ५.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | १:२० | १:२२ | १:२५ | १:३० |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | १:३१ | १:३२ | १:३३ | १:३५ |
| ५.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | १:४१ | १:४१ | १:४१ | १:४१ |

# परिच्छेद ३

# विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचयः

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्त्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक,सामाजिक, नैतिक एवम् सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकाले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ ।

### ३.१.२ वर्तमान अवस्था

बेलबारी नगरपालिकामा हाल जम्मा ६८ वटा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा छन्, जसमा सामुदायिकतर्फ ३३ र संस्थागत विद्यालयतर्फ ३५  केन्द्र रहेका छन । यी केन्द्रहरूमा कुल ३४०३ जना बालबालिका अध्ययनरत  छन्, जसमध्ये १८१८ जना छात्र र १५८५ जना छात्रा रहेका छन् । यस उमेर समूहको अनुमानित कूल जनसंख्या २३१७ रहेको आधारमा सहजै देखिने भर्नादर  १४६.८ प्रतिशत रहेको देखिन्छ, जसले पहुँच विस्तार भएको सङ्केत गरे पनि शतप्रतिशत लक्ष्य अझै हासिल हुन बाँकी रहेको देखाउँछ ।

बालविकास कार्यक्रम पूरा गरी कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको सङ्ख्या २७२२ रहेको छ । यसमध्ये एक वर्षको बालविकास अनुभवसहित कक्षा १ मा जाने बालबालिकाको ८० प्रतिशत रहेको छ । अनुभवसहित कक्षा १ मा प्रवेश गरेका बालबालिकाको सिकाइ उपलब्धि र कक्षागत अनुकूलन क्षमता तुलनात्मक रूपमा सन्तोषजनक देखिएको छ, जसले बालविकास कार्यक्रमको प्रभावकारिता पुष्टि गर्दछ ।

समावेशी पहुँचको दृष्टिले दलित बालबालिकाको सङ्ख्या ३९६ (११.६३ प्रतिशत), जनजाति बालबालिकाको सङ्ख्या १७१८ (५०.४८ प्रतिशत) र अपाङ्गता भएका बालबालिकाको सङ्ख्या १८ (०.५२ प्रतिशत ) रहेको छ । यी तथ्याङ्कले समावेशी सहभागिता बढ्दो क्रममा रहेको देखाए पनि जनसङ्ख्या अनुपातअनुसार अझ सुधारको आवश्यकता रहेको देखिन्छ । विशेषगरी अपाङ्गता भएका बालबालिकाका लागि सहायक सामग्री, पहुँचयोग्य भौतिक संरचना तथा प्रशिक्षित जनशक्ति व्यवस्था सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ ।

बालविकासका न्यूनतम सक्षमता मापदण्ड पूरा गरेका संस्थागत विद्यालयको संख्या ३३ रहेको छ, जुन कूल संस्थागत विद्यालयको ९४ प्रतिशत हो । न्यूनतम सक्षमता अन्तर्गत सुरक्षित कक्षाकोठा, खेलमैत्री सिकाइ सामग्री, प्रशिक्षित सहजकर्ता, बालमैत्री शौचालय र सुरक्षित खानेपानी जस्ता सूचकहरू समावेश गरिएका छन् । हाल यी

मापदण्ड पूर्ण रूपमा कार्यान्वयन भएका केन्द्रहरूको अनुपात सीमित रहेको देखिएकाले गुणस्तर सुधारका लागि थप लगानी र अनुगमन आवश्यक देखिन्छ ।

समग्रमा हेर्दा बेलबारी नगरपालिकामा प्रारम्भिक बालविकासको पहुँच विस्तार सन्तोषजनक देखिए पनि गुणस्तर, समावेशिता र न्यूनतम सक्षमता सुनिश्चिततामा अझ रणनीतिक हस्तक्षेप आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

## तालिका १

**प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा बालविकास | | जम्मा बालबालिका | | |
|---|---|---|---|---|
| प्रकार | सङ्ख्या | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ३३ | ४९४ | ४९४ | ९८८ |
| संस्थागत | ३५ | १३२४ | १०९१ | २४१५ |
| जम्मा | ६८ | १८१८ | १५८५ | ३४०३ |

बेलबारी नगरपालिकाले प्रारम्भिक बाल विकास र शिक्षालाई बालबालिकाको नैसर्गिक अधिकारको रूपमा लिएको छ । यसले ५ वर्ष मुनिका बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र सर्वाङ्गीण विकास सुनिश्चित गर्ने आधार तयार गर्दछ । नगरपालिकाले प्रारम्भिक बाल विकासलाई विद्यालय शिक्षासँग पूर्ण रूपमा एकीकृत गरी प्रत्येक विद्यालयमा अनिवार्य गर्ने नीति लागु गरेको छ, जसले बालबालिकाको सिकाइको निरन्तरता र गुणस्तर सुनिश्चित गर्दछ । हाल यस नगरपालिकामा बाल विकास केन्द्रहरूमा भौतिक र शैक्षिक पूर्वाधार पर्याप्त नभएको अवस्था छ । धेरै केन्द्रहरूमा बालमैत्री वातावरण, खेल सामग्री, श्रव्य—दृश्य सिकाइ सामग्री र पर्याप्त शिक्षण उपकरणको अभाव रहेको छ । यद्यपि,नगरपालिकाले यी केन्द्रहरूको स्तरोन्नति गर्ने योजना बनाएको छ र निजी क्षेत्रसँगको सहकार्यमा नयाँ केन्द्र स्थापना गर्ने सम्भावनाहरूलाई आफ्नो सबल पक्षको रूपमा लिएको छ ।

### ३.१.३ उद्देश्य

क) बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्नु,
ख) प्रारम्भिक बाल विकास र शिक्षाको प्रभावकारी व्यवस्थापन गर्नु,
ग) सबै बालबालिकालाई समावेशी, पहुँचयोग्य र गुणस्तरीय प्रारम्भिक शिक्षा उपलब्ध गराउनु,
घ) बाल विकास केन्द्रहरूलाई बालमैत्री, सुरक्षित र वातावरणमैत्री बनाउनु,

### ३.१.४ रणनीतिहरू

क) सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने ।

ख) बाल विकास र शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाउने ।

ग) निजी क्षेत्रलाई समेत केन्द्र स्थापना र सञ्चालनमा प्रोत्साहन गर्दै न्यूनतम मापदण्डमा नियमित निगरानी र मूल्याङ्कन गर्ने ।

घ) अति विपन्न, दलित, सीमान्तीकृत र अपाङ्ग बालबालिकालाई पहुँच सुनिश्चित गर्दै निशुल्क भर्ना अभियान सञ्चालन गर्ने ।

ङ) कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने ।

क) जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तीकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने ।

ख) पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने ।

ग) लागत सहभागिता अभिवृद्धि गर्ने ।

घ) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने ।

ङ) ऐन र कार्यविधिमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने ।

च) कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने ।

छ) स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने ।

ज) पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाई समयानुकूल स्थानीयकरणका लागि समायोजन तथा परिमार्जन गर्ने ।

झ) अपाङ्गता भएका तोकिएको उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने ।

### ३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य

क) अपेक्षित उपलब्धिः बेलबारी नगरपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ । यस अन्तर्गत लक्षित उमेर समूहका सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज, समावेशी र समान पहुँच उपलब्ध हुनेछ । साथै, सबै बालबालिकाले प्रारम्भिक बालविकास तथा शिक्षाको पूर्ण अनुभव हासिल गरी आवश्यक सक्षमता विकासपछि कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त गर्नेछन्, जसले उनीहरूको सिकाइको आधार सुदृढ भई दीर्घकालीन शैक्षिक सफलतामा सकारात्मक प्रभाव पार्नेछ ।

## ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | प्रारम्भिक बालविकासका सहजकर्ताहरूको पारिश्रमिक | हजारमा | २८८५० | २८८५० | ३१७३५ | ३१७३५ | ३४९०८ | |
| २ | प्रारम्भिक बालविकासमा न्यूनतम सक्षमता विकास गर्न प्रति विद्यार्थी एकाइ लागतका आधारमा अनुदान | रुपैयाँमा | ७०० | ७०० | ८०० | ९०० | १००० | |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण गर्ने | पटक | २ | २ | २ | २ | ३ | |
| ४ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | |
| ५ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजी क्षेत्रसँगको सहकार्य | नियमित | | | | | | |
| ६ | बालबालिकाको अभिलेखीकरण गर्ने | नियमित | | | | | | |
| ७ | बालविकस केन्द्रका सहजकर्ताका लागि क्षमताविकास कार्यक्रम सञ्चालन | नियमित | | | | | | |
| ८ | कृषि, स्वस्थ्य र महिला तथा बालबालिका शाखासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन | नियमित | | | | | | |
| ९ | सुपरिवेक्षणको लागि अधिकार सम्पन्न | पटक | १ | १ | १ | १ | १ | |

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| | संयन्त्रको विकास गर्ने | | | | | | | |
| १० | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | नियमित | | | | | | |
| ११ | पाठ्यक्रम प्रबोधीकरण गर्ने | पटक | १ | १ | १ | १ | | |
| १२ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार गर्ने | नियमित | | | | | | |
| १३ | शिक्षकको योग्यता क्षमता र पेसागत विकास गर्ने | नियमित | | | | | | |
| १४ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | २ | ३ | ४ | ४ | | |
| १५ | अभिभावक शिक्षा | पटक | १ | १ | २ | २ | ३ | |
| १६ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | नियमित | | | | | | |
| १७ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार | पटक | १ | १ | २ | २ | २ | |

| क.स. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| | मनोसामाजिक परामर्श उपलब्ध गराउने | | | | | | | |
| १८ | प्रारम्भिक बालविकास सहजकर्ताहरूको सेवा तथा सुविधामा वृद्धि गर्ने | नियमित | | | | | | |
| १९ | नमुना प्रारम्भिक बालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | |
| २० | ५ वर्ष मुनिका बालबालिकाको तथ्याङ्क सङ्कलन गरी केन्द्रहरूको आवश्यकताको पहिचान | नियमित | | | | | | |
| २१ | राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार प्रत्येक केन्द्रमा पोषण, खेल मैदान, सयन कक्ष, श्रव्य–दृश्य सामग्री र बालमैत्री वातावरण निर्माण। | नियमित | | | | | | |
| २२ | बाल मनोविज्ञान, शारीरिक र सामाजिक विकासमा दक्ष, तालिमप्राप्त शिक्षक तथा सुसारेहरूको व्यवस्था। | नियमित | | | | | | |
| २३ | नियमित स्वास्थ्य जाँच, पोषण मूल्याङ्कन र आवश्यक स्वास्थ्य सेवाको उपलब्धता। | नियमित | | | | | | |
| २४ | उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक र सुसारेहरूलाई मूल्याङ्कनका आधारमा | पटक | १ | १ | १ | १ | १ | |

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| | पुरस्कृत। | | | | | | | |
| २५ | बालविकासका सहजकर्ता र आयाको तालिम | पटक | १ | १ | १ | १ | १ | |
| २६ | बालविकास कक्षाका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | १० | १० | १० | १० | | |
| २७ | प्रारम्भिक बालविकास कक्षाको स्तरोन्नति, विकास, व्यवस्थापन र सामग्रीको लागि विद्यालयलाई अनुदान | हजारमा | १६५ | १६५ | १९८ | १९८ | | |

## ३.२ आधारभतू शिक्षा

### ३.२.१ परिचय

नेपालको संविधानले आधारभूत शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । संविधानको धारा ३१ अनुसार प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क प्राप्त गर्ने अधिकार छ । यसले राज्यलाई सबै बालबालिकाका लागि समान, समावेशी र गुणस्तरीय शिक्षा उपलब्ध गराउने दायित्व प्रदान गरेको छ ।राष्ट्रिय शिक्षा नीति ले आधारभूत शिक्षालाई १—८ कक्षासम्म परिभाषित गर्दै समावेशी, जीवनोपयोगी तथा सिपमुखी शिक्षामा जोड दिएको छ । नीतिअनुसार सबै बालबालिकाको पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुनिश्चित गर्नु राज्यको प्राथमिकता हो ।त्यसैगरी अनिवार्य तथा निशुल्क शिक्षा ऐनले आधारभूत शिक्षा अनिवार्य र निशुल्क हुने स्पष्ट व्यवस्था गरेको छ । यस ऐनले अभिभावकलाई बालबालिकालाई विद्यालय पठाउने जिम्मेवारी तोकेको छ भने राज्यलाई आवश्यक पूर्वाधार, शिक्षक र स्रोत साधन उपलब्ध गराउने कानुनी दायित्व दिएको छ । यसरी संविधान, नीति र ऐनले आधारभूत शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै कार्यान्वयनका लागि स्पष्ट मार्गनिर्देशन गरेका छन ।

### ३.२.२ वर्तमान अवस्था

बेलबारी नगरपालिकाका सामुदायिक विद्यालयहरूमा आधारभूत शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी सङ्ख्या ५०६० शिक्षक दरबन्दी २५२ र शिक्षक विद्यार्थी अनुपात १:२० रहेको देखिन्छ । विद्यार्थीमध्ये दलित ८७९, जनजाति २६३१ र अपाङ्गता भएका बालबालिका ५१ रहेका छन । केही विद्यालयमा पूर्वाधार, जस्तै कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधि पर्याप्त छैनन्। यी चुनौतीहरूले गुणस्तरीय शिक्षा र

समावेशी वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्छ। तथ्यानुसार सुधार, स्रोत व्यवस्थापन र शिक्षक तालिमको आवश्यकता देखिन्छ ।देखिन्छ ।

संस्थागत विद्यालयहरूमा विद्यार्थी सङ्ख्या ८३१२ रहेको छ । दलित ५९०, जनजाति ३५६४ र अपाङ्गता भएका १४ बालबालिकालाई लक्षित गरी भर्ना र सिकाइ अवसर प्रदान गर्ने चुनौतीहरू विद्यमान छन । विद्यालय पूर्वाधार, जस्तै कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधि केही संस्थागत विद्यालयमा पर्याप्त छैनन् । यस्ता कमजोरीहरूको सुधार, शिक्षक उपलब्धता सुनिश्चित गर्नु र समग्र सिकाइ वातावरण सुदृढ पार्नु आवश्यक छ ।

**तालिका २**

**आधारभूत शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय सङ्ख्या | | जम्मा विद्यार्थी | | |
|---|---|---|---|---|
| प्रकार | स.ख्या | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ३१ | २४६७ | २५९३ | ५०६० |
| संस्थागत | ३५ | ४५३६ | ३७७६ | ८३१२ |
| जम्मा | ६६ | ७००३ | ६३६९ | १३३७२ |

बेलबारी नगरपालिकाले आधारभूत शिक्षालाई समतामूलक, पहुँचयोग्य र गुणस्तरीय बनाउने नीति अवलम्बन गरेको छ । यस नगरपालिकामा केही बालबालिका अझै विद्यालय बाहिर रहेका छन। सामुदायिक विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, खेलमैदान तथा सूचना प्रविधि (इन्टरनेट, कम्प्युटर ल्याब) जस्ता पूर्वाधारको अभाव देखिएको छ । विषयगत शिक्षकको कमी, परम्परागत शिक्षण पद्धति तथा सीमित सिकाइ सामग्रीका कारण शिक्षाको गुणस्तर सुधारमा चुनौती रहेको छ ।

## ३.२.३ उद्देश्य

आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निशुल्क र अनिवार्य बनाउनु,

सिकाइ उपलब्धि र शिक्षाको गुणस्तरमा सुधार गर्नु,

क) आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

## ३.२.४ रणनीतिहरू

क) कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित नहुन् भन्ने उद्देश्यले विशेष भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन गर्ने ।

ख) विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी शिक्षामा पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाउने ।

ग) अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था तथा कार्यविधि तर्जुमा गर्ने ।

घ) अनिवार्य तथा निशुल्क शिक्षाका लागि आवश्यक आर्थिक तथा अन्य स्रोतको सुनिश्चितता गर्ने । ।

ङ) विद्यालय नक्साङ्कन गर्ने तथा विद्यालयहरूको पुनर्वितरण र समायोजन गरी शैक्षिक पहुँच सन्तुलित बनाउने ।

च) शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरी विषयगत तथा कक्षागत शिक्षकको पर्याप्तता सुनिश्चित गर्ने ।

छ) सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गरी तिनलाई प्रतिस्पर्धी, प्रभावकारी र विश्वसनीय बनाउने ।

ज) शिक्षण सिकाइ विधिमा आवश्यक परिमार्जन गरी विद्यार्थीकेन्द्रित, क्रियाकलाप आधारित तथा व्यवहारमुखी पद्धति अवलम्बन गर्ने ।

झ) कक्षा ३ सम्म आधारभूत कक्षा शिक्षण प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

ञ) न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने ।

ट) मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा प्रयोगमा ल्याउने ।

ठ) कक्षाकोठामा आधारित मूल्याङ्कन प्रणाली सुदृढ गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।

ड) विद्यार्थीलाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराई सिकाइ उपलब्धिमा सुधार ल्याउने ।

ढ) अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा सुधार गर्ने ।

ण) दैनिक जीवनसँग सम्बन्धित व्यवहारिक सिपहरूलाई सिकाइ क्रियाकलापमा समावेश गर्ने ।

त) शिक्षकलाई प्रधानाध्यापकप्रति र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने ।

थ) आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने ।

द) शिक्षक विकास तथा सहायता प्रणालीलाई व्यवस्थित गर्ने ।

ध) शिक्षामा कार्यरत सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने ।

न) विद्यालयको कार्यसम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिको नियमित परीक्षण गरी पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने ।

प) विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने ।

फ) विद्यालयलाई बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणयुक्त बनाउने ।

ब) सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने ।

भ) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने ।

म) स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई व्यवस्थित गर्ने ।

य) विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने

र) विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन गर्ने तथा भाषिक र सामाजिक सांस्कृतिक विविधताको सम्मान गर्ने ।

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

बेलबारी नगरपालिकामा आधारभूत शिक्षा सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निशुल्क र अनिवार्य भएको हुनेछ । यसका साथै सिकाइ उपलब्धिमा वृद्धि भई शिक्षाको गुणस्तरमा सुधार भएको हुनेछ । आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएको सुनिश्चित गरिएको हुनेछ ।

नतिजाको दृष्टिले, आधारभूत तहको खुद भर्नादर उच्च स्तरमा पुगेको हुनेछ । सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेका हुनेछन् ।

**ख) प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | हजार मा | १७०,०६० | १७००६० | १८७,०६६ | १८७,०६६ | २०५,७७२ | |
| २ | सिकाइका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन,आवश्यक सामग्री, सुधारात्मक शिक्षण अनुदान | हजार मा | १०८२ | ११३६ | १२९८ | १४२७ | १५७० | |
| ३ | शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा Book Corner व्वस्थापनका लागि प्रति विद्यार्थी लागत | हजार मा | ३८७३ | ३८७३ | ४२६० | ४२६० | ४६८६ | |

| क.स. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| | अनुदान (कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो समेतका लागि) | | | | | | | |
| ४ | कक्षा १-८ मा अध्ययनरत विद्यार्थीहरूलाई पाठ्यपुस्तकका लागि अनुदान (स्थानीय विषय/मातृभाषा को समेत) | हजार मा | ३७५३ | ३९४० | ४१३७ | ४७२८ | ४९६५ | |
| ६ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान, विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्कन व्यवस्थापन, बुलेटिन प्रकाशन, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि अनुदान,विद्यालय मा इन्टरनेट | हजार मा | ९५० | १०४५ | १२२७ | १३५० | १४८५ | |

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| | जडान तथा सञ्चालन खर्च | | | | | | | |
| ६ | विपन्न लक्षित छात्रवृत्ति | हजार मा | ५७० | ६०० | ६४० | ६८० | ७०० | |
| ७ | दिवा खाजा, | हजार मा | १३६८७ | १५०५५ | १६५६० | १८२१६ | २००३७ | |
| ८ | समुदायको सहभागितामा घरदैलो भर्ना अभियान सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | |
| ९ | सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि सूचक विकास र असल अभ्यास विस्तार गर्ने | निरन्तर | | | | | | |
| १० | प्रत्येक कक्षा र विषयका लागि सिकाइ उपलब्धि सूचक विकास गर्ने | निरन्तर | | | | | | |
| ११ | शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने | निरन्तर | | | | | | |
| १२ | स्थानीय बाल अधिकार समिति गठन र सक्रिय बनाउने | निरन्तर | | | | | | |
| १३ | अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम | निरन्तर | | | | | | |

| क्र.स. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| | सञ्चालन गर्ने | | | | | | | |
| १४ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | |
| १५ | कक्षागत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | |
| १६ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | |
| १७ | आधारभूत तहका शिक्षकको पेसागत क्षमता विकास कार्यक्रम | निरन्तर | | | | | | |
| १८ | आधारभूत विद्यालयमा सूचना प्रविधिको विस्तार | निरन्तर | | | | | | |
| १९ | शैक्षिक व्यवस्थापन सूचना प्रणालीको प्रयोग | निरन्तर | | | | | | |
| २० | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | |
| २१ | उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | |
| २२ | दलित, छात्रा, सिमान्तीकृत तथा अपाङ्ग विद्यार्थीको लागि छात्रवृत्ति | हजारमा | १६०० | १७६० | १९३६ | २०३३ | २२२६ | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ ले पनि प्रत्येक नागरिकालाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सृजनशीलता रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सिपयुक्त एवम्  उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ ।

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ । विद्यालय शिक्षा क्षेत्र विकास कार्यक्रमको कार्यान्वयनसँगै कक्षा (९—१२) मा प्राविधिक तथा व्यवसायिक धारको सुरुवात गरिएको छ । यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास  तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स.२०७७ बाट प्रारम्भ भएको छ ।

विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सृजनशीलता अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

बेलबारी नगरपालिकाका सामुदायिक विद्यालयहरूमा माध्यमिक शिक्षा प्रवाहको विश्लेषण गर्दा, हाल विद्यार्थी सङ्ख्या २५६५, शिक्षक दरबन्दी ६२ र शिक्षक विद्यार्थी अनुपात १:४१ रहेको देखिन्छ । विद्यार्थीमध्ये दलित २६७, जनजाति १४४८ र अपाङ्गता भएका बालबालिका १६ रहेका छन् । केही विद्यालयमा पूर्वाधार, जस्तै कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधि पर्याप्त छैनन् । यी चुनौतीहरूले गुणस्तरीय शिक्षा र समावेशी वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्छ। तथ्यानुसार सुधार, स्रोत व्यवस्थापन र शिक्षक तालिमको आवश्यकता देखिन्छ ।

संस्थागत विद्यालयहरूमा अध्ययन गर्दा, विद्यार्थी सङ्ख्या १८४५, रहेको छ । दलित ९३, जनजाति ५२६ र अपाङ्गता भएका बालबालिका ३ लाई लक्षित गरी भर्ना र सिकाइ अवसर प्रदान गर्ने चुनौतीहरू विद्यमान छन् । विद्यालय पूर्वाधार, जस्तै कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधि केही संस्थागत विद्यालयमा पर्याप्त छैनन् । यस्ता कमजोरीहरूको सुधार, शिक्षक उपलब्धता सुनिश्चित गर्नु र समग्र सिकाइ वातावरण सुदृढ पार्नु आवश्यक छ ।

## तालिका ३

**माध्यामिक शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय सङ्ख्या | | जम्मा विद्यार्थी | | |
|---|---|---|---|---|
| प्रकार | सङ्ख्या | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | १२ | ११७७ | १३८८ | २५६५ |
| संस्थागत | २४ | ९९५ | ८५० | १८४५ |
| जम्मा | ३६ | २१७२ | २२३८ | ४४१० |

नेपालको सङ्घीय संरचना र शैक्षिक नीतिअनुसार कक्षा ९—१२ लाई माध्यमिक शिक्षा मानिएको छ । बेलबारी नगरपालिकाले माध्यमिक शिक्षालाई सक्षम, कर्मठ, नैतिकवान् र पौरखी मानव स्रोत उत्पादन गर्ने आधारका रूपमा परिभाषित गरेको छ । नगरपालिकाको साक्षरता दर उच्च भए पनि माध्यमिक तहमा पहुँच र गुणस्तर सुधारको आवश्यकता रहेको छ । विषयगत शिक्षकको अभाव, विज्ञान तथा कम्प्युटर प्रयोगशालाको कमी र इन्टरनेट सुविधा अपर्याप्त रहेको छ ।

### ३.३.३ उद्देश्य

**क)** माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

**ख)** माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,

**ग)** विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु

### ३.३.४ रणनीतिहरू

क) विद्यालयहरूको नक्साङ्कन तथा संरचनागत सुधार गरी पूर्ण माध्यमिक संरचनामा रूपान्तरण गर्ने ।

ख) सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा आवश्यकता अनुसार स्थापना गर्ने।

ग) निशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने ।

घ) माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने ।

ङ) विपन्न तथा लक्षित समूहका लागि छात्रवृत्ति र विशेष अनुदानको व्यवस्था गर्ने ।

च) विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।

छ) वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने ।

ज) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने ।

झ) माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने ।

ञ) शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने ।

ट) शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने

ठ) शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने ।

ड) हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने ।

ढ) स्मार्ट बोर्ड, इन्टरनेट तथा श्रव्य दृश्य सामग्रीको प्रयोग विस्तार गर्ने ।

ण) विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीप्रति सचेत र सामनाका लागि तत्पर बनाउने ।

त) विज्ञान विषय अध्ययनका लागि आवश्यक पूर्वाधारसहितको प्रयोगशाला व्यवस्था गर्ने ।

थ) थप विद्यालयहरूमा विज्ञान सङ्काय विस्तारका लागि अध्ययन तथा लगानी गर्ने ।

द) व्यावसायिक, कृषि, सङ्गीत वा आयुर्वेद जस्ता विशिष्टीकृत विद्यालय स्थापनाको सम्भाव्यता अध्ययन गर्ने ।

ध) छानिएका विद्यालयलाई अङ्ग्रेजी माध्यमबाट नमुना विद्यालयका रूपमा विकास गर्ने ।

न) यौन शिक्षा, आत्मरक्षा तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने ।

प) सदाचार, अनुशासन र समाजसेवा समेटिएको नैतिक शिक्षा कार्यक्रम लागू गर्ने ।

फ) समाजका सफल व्यक्तिहरूसँग अन्तरक्रिया तथा प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने ।

ब) सक्षम र उत्प्रेरित प्रधानाध्यापकहरूको व्यवस्था गर्ने ।

भ) आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही प्रणाली विकास गर्ने ।

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### क) उपलब्धि

माध्यमिक शिक्षामा सबै बालबालिकाका लागि पहुँच सुनिश्चित हुने र शिक्षाको सान्दर्भिकता तथा गुणस्तरमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ । यस अन्तर्गत सबै बालबालिकाले निशुल्क माध्यमिक शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् र खुद भर्ना तथा टिकाउदरमा वृद्धि हुनेछ । सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गर्नेछन्, जसले गुणस्तरीय शिक्षाको प्रवाह सुनिश्चित गर्नेछ र विद्यार्थीहरूको दक्षता, शारीरिक तथा मानसिक विकासमा योगदान पुऱ्याउनेछ ।

#### ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | कैफियत |
| १ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | हजारमा | ४६२०० | ४८५१० | ५५४४० | ५८२१२ | ६३७५६ | |

| क्र.सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | कैफियत |
| | (विशेष शिक्षा परिषद् अन्तर्गतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षकसमेत) | | | | | | | |
| २ | प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान | हजारमा | १५०० | १५०० | १६०० | १७०० | १७०० | |
| ३ | (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान | हजारमा | १६६० | १७४३ | १८३० | १९३५ | २१३१ | |
| ४ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा (९-१२)माध्यमिक तह सञ्चालित विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्कन व्यवस्थापन, बुलेटिन प्रकाशन, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि गैर अनुदान | हजारमा | १००० | ११०० | १२१० | १३३१ | १५७३ | |
| ५ | प्राविधिक विषय अध्यापन हुने | हजारमा | ५०० | ५०० | ५०० | ५०० | ५०० | |

| क.सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | कैफियत |
| | विद्यालयलाई ल्याब सामग्री सहयोग अनुदान | | | | | | | |
| ६ | प्राविधिक धारतर्फ कक्षा ११ सञ्चालन गर्ने विद्यालयलाई ल्याब व्यवस्थापन अनुदान | हजारमा | ५०० | ५०० | ५०० | ५०० | ५०० | |
| ७ | नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्विनका लागि अनुदान (कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत) | हजारमा | ५०० | ५०० | ५०० | ५०० | ५०० | |
| ८ | विद्यालय नक्साङ्कन गरी प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्म पूर्ण माध्यमिक ढाँचामा रूपान्तरण गर्ने | वटा | १ | १ | २ | २ | २ | |
| ९ | विपन्न र लक्षित छात्रवृत्ति | हजारमा | ५७० | ५७० | ६०० | ६५० | ७०० | |
| १० | स्मार्ट बोर्ड, इन्टरनेट र श्रव्य दृश्य सामग्री प्रयोग विस्तार गर्ने | हजारमा | १००० | १५०० | २००० | २५०० | ३००० | |
| ११ | किशोर किशोरीको यौन शिक्षा, आत्मरक्षा र मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | | | | | | |
| १२ | सदाचार, अनुशासन, करुणा र समाजसेवा समेटिएको नैतिक | निरन्तर | | | | | | |

| क्र.सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | कैफियत |
| | शिक्षा कार्यक्रम लागु गर्ने | | | | | | | |
| १३ | सफल व्यक्तिहरूसँग अन्तरक्रिया र प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | | | | | | |
| १४ | थप विद्यालयहरूमा विज्ञान सङ्काय विस्तारका लागि अध्ययन र लगानी गर्ने | हजारमा | | | | | | |
| १५ | विद्यालयमा न्यूनतम सिकाइ वातावरण र समावेशी पूर्वाधार सुनिश्चित गर्ने | निरन्तर | | | | | | |
| १६ | शिक्षक दरबन्दी व्यवस्थापन, पेसागत विकास र अभिप्रेरणा कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | | | | | | |
| १७ | सिकाइ उपलब्धि मापन र आवधिक मूल्याङ्कन प्रणाली लागु गर्ने | निरन्तर | | | | | | |
| १८ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट र महामारीजस्ता अवस्थाप्रति उत्थानशील बनाउने | निरन्तर | | | | | | |
| १९ | विद्यार्थीलाई पोषण, स्वास्थ्य र मनोसामाजिक सहयोग उपलब्ध गराउने | निरन्तर | | | | | | |
| २० | वैकल्पिक र अनौपचारिक शिक्षा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने | निरन्तर | | | | | | |

| क्र.सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | कैफियत |
| २१ | शैक्षिक उपलब्धि न्यून भएका सामुदायिक विद्यालयका लागि अभिभावक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | | | | | | |
| २२ | विज्ञान प्रदर्शनी कार्यक्रम | हजारमा | १५०० | २००० | २००० | २५०० | ३००० | |
| २३ | सङ्गीत तथा नृत्य प्रतियोगिता | निरन्तर | | | | | | |
| २४ | वादविवाद, हाजिरी जवाफ र वक्तृत्वकला प्रतियोगिता | निरन्तर | | | | | | |
| २५ | निबन्ध र कविता लेखन प्रतियोगिता | निरन्तर | | | | | | |
| २६ | विद्यार्थीहरूका लागि Robotics boot camp तथा प्रदर्शनी | पटक | १ | १ | १ | १ | १ | |
| २७ | STEAM Education सञ्चालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | |

## ३.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.४.१ परिचय

औपचारिक पद्धतिभन्दा बाहिर फरक समयमा विभिन्न उमेर समूहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । यो एउटा निरन्तर सिकाइको प्रक्रिया हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सिप र प्रवृत्तिलाई प्रशोधन गर्न जीवनपर्यन्त चलिरहने सिका प्रणाली नै अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दछन् ।आफ्नो जीवनको इतिहास आफैं लेख्छन् । तसर्थ सिकाइ जीवन पद्धतिसँग जोडिएको हुनेछ । अनौपचारिक एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ ।निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ । विभिन्न सिकाइ अवस्थाको आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक बनाई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने लक्ष्य निर्धारण गरेको छ ।

### ३.४.२ वर्तमान अवस्था

बेलबारी नगरपालिकामा १५ देखि ६० वर्ष सम्मका विद्यालयको पहुँच बाहिर रहेको व्यक्तिलाई लक्षित गरी जम्मा ३ वटा सिकाइ केन्द्रहरू सञ्चालनमा छन् । विभिन्न कारणले औपचारिक शिक्षाबाट वञ्चित भएका नागरिकहरूका लागि अनौपचारिक शिक्षा र वैकल्पिक सिकाइको अवसर सुनिश्चित गर्ने लक्ष्य राखिएको छ । सबै उमेर समूहलाई शिक्षाको मूल प्रवाहमा जोड्दै जीवनपर्यन्त सिकाइलाई प्रोत्साहन गर्ने उद्देश्य लिइएको छ । औपचारिक शिक्षाबाट बाहिर रहेका नागरिकहरूलाई समेट्ने संस्थागत संरचना सुदृढ गर्न आवश्यक देखिएको छ ।केही सामुदायिक सिकाइ केन्द्र र पुस्तकालय सञ्चालनमा रहे पनि सबै वडामा प्रभावकारी पहुँच विस्तार गर्नुपर्ने अवस्था रहेको छ । साक्षरता, खुला तथा दूर शिक्षामा सहभागिता बढाउन थप सहजीकरण आवश्यक रहेको छ ।

### ३.४.३ उद्देश्य

क) अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइको माध्मबाट जीवनोपयोगी, सिपमूलक र निरन्तर सिकाइका कार्यक्रम विस्तार गर्नु,

ख) सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नु,

ग) औपचारिक, अनौपचारिक तथा अरितिक माध्यमबाट प्राप्त ज्ञान, सिपको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्नु ।

### ३.४.४ रणनीतिहरू

क) घरधुरी सर्वेक्षण गरी साक्षर तथा निरक्षर जनसङ्ख्याको पहिचान र अभिलेखीकरण गर्ने ।

ख) औपचारिक शिक्षाबाट वञ्चित सबै उमेर समूहलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने ।

ग) प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना, समायोजन तथा सुदृढीकरण गर्ने ।

घ) सामुदायिक सिकाइ केन्द्रलाई बहुउद्देश्यीय केन्द्रका रूपमा विकास गर्दै विद्युतीय पुस्तकालय, सूचना केन्द्र तथा अन्य सेवा विस्तार गर्ने ।

ङ) "एक वडा एक पुस्तकालय" अवधारणा कार्यान्वयन गरी नगरस्तरीय पुस्तकालय सञ्जाल निर्माण गर्ने ।

च) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी डिजिटल सिकाइ पहुँच बढाउने ।

छ) प्रौढ साक्षरता, साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम समुदायको सहकार्यमा सञ्चालन गर्ने ।

ज) सङ्घीय, प्रदेश सरकार तथा अन्य सङ्घसंस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम विस्तार गर्ने ।
झ) नवसाक्षर महिला तथा पुरुषलाई आयआर्जन र सिपमूलक कार्यक्रमसँग जोडेर आत्मनिर्भर बनाउने ।
ञ) नागरिकहरूका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोड्युल र भाषिक विविधताअनुसार सामग्री विकास तथा प्रयोग गर्ने ।
ट) खुला, वैकल्पिक, परम्परागत विद्यालय बिच समन्वय कायम गरी र सुदृढीकरण गर्ने ।
ठ) सामुदायिक सिकाइ केन्द्रमार्फत सांस्कृतिक सम्पदाको संरक्षण, अभिलेखीकरण र प्रवर्द्धन गर्ने ।
ड) सरोकारवालाको समन्वयमा साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने ।
ढ) समुदायमा रहेका परम्परागत ज्ञान तथा सिपहरुको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्ने ।
ण) अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र अभिलेखीकरण प्रणाली सुदृढ गर्ने ।
त) सामुदायिक सिकाइ केन्द्रमार्फत आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालन गर्ने ।
थ) नगरपालिकालाई पूर्ण साक्षर तथा शिक्षित पालिका घोषणा गर्ने लक्ष्यसहित चरणबद्ध कार्ययोजना कार्यान्वयन गर्ने ।

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धिः सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुनेछ ।

**ख) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्रस | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष ५ वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | कैफियत |
| १ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन अनुदान र क्षमता अभिवृद्धि प्रदान गर्ने | हजारमा | ३०० | ३२५ | ३५० | ३५० | ४०० | |
| २ | अनौपचारिक शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन | हजारमा | १०० | १०० | १५० | १५० | २०० | |
| ३ | घरधुरी सर्वेक्षण गरी साक्षरता तथा अनौपचारिक शिक्षाको तथ्याङ्क सङ्कलन गर्ने | हजारमा | ५०० | ५०० | ५५० | ५५० | ६०० | |
| ४ | सिकाइ केन्द्रहरूमा इन्टरनेट र सूचना प्रविधि सुविधा उपलब्ध गराउने | हजारमा | १०० | १०० | १२५ | १२५ | १५० | |

| क्रस | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष ५ वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | कैफियत |
| ५ | वडा र टोलमा प्रौढ साक्षरता कक्षा सञ्चालन गर्ने | हजारमा | १००० | १००० | १५०० | १५०० | २००० | |
| ६ | सामुदायिक सिकाइ केन्द्रमार्फत सिप विकास र आयआर्जन कार्यक्रम सञ्चालन गर्ने | हजारमा | २०० | २०० | २२५ | २२५ | २५० | |
| ७ | खुला तथा दूर शिक्षामा सहजीकरण गर्ने | हजारमा | ३०० | ३०० | ३५० | ३५० | ४०० | |
| ८ | परम्परागत ज्ञानको संरक्षण र अभिलेखीकरण गर्ने | २०० | २०० | २५० | २५० | ३०० | ३०० | |

# परिच्छेद ४

# अन्तरसम्बन्धित विषय क्षेत्रहरू

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

नेपालमा विद्यमान संविधान, राष्ट्रिय शिक्षा नीति, शिक्षा ऐन तथा सम्बन्धित नियम निर्देशनले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रमुख माध्यमका रूपमा लिएको छ । यी कानुनी प्रावधानअनुसार पाठ्यक्रम विद्यार्थीको सैद्धान्तिक ज्ञानसँगै व्यवहारिक, जीवनोपयोगी सिप विकास गर्न लक्षित छ भने मूल्याङ्कन प्रणालीले सिकाइ उपलब्धि, दक्षता र सिकाइ प्रक्रियामा प्रगतिको मापन गर्दै विद्यार्थीको पूर्ण मूल्याङ्कन गर्न सुनिश्चित गर्दछ । यसले शिक्षक र विद्यालयलाई पनि जिम्मेवार बनाउँदै शिक्षा प्रणालीमा पारदर्शिता, समावेशिता र गुणस्तरीय सुधारको वातावरण सिर्जना गर्ने कार्य गर्दछ ।

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक जगहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यकम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरू गरियो । यसै क्रममा वि.सं.२०७६ सालमा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं.२०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु गरिएको र वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १ देखि १२ सम्म यो पाठ्यक्रम कार्यान्वयन गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ ।

### ४.१.२ वर्तमान अवस्था

बेलबारी नगरपालिकामा हाल पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने माध्यमका रूपमा विकास गर्ने प्रयास भइरहेको छ । विद्यालयहरूमा स्थानीय आवश्यकता, भाषा, कला, संस्कृति, र सिप समेटिएको स्थानीय पाठ्यक्रम हाल पूर्ण रूपमा लागु भई नसकेको अवस्था  छ । स्थानीय पाठ्यक्रमलाई पूर्ण रुपमा लागु गर्ने लक्ष्य राखिएको छ । यसले विद्यार्थीलाई  जीवनोपयोगी सिप, नैतिक शिक्षा, अनुशासन र समाजसेवा जस्ता गुणहरूसँग जोड्ने छ ।

मूल्याङ्कन र परीक्षा प्रणालीमा परम्परागत, केवल सैद्धान्तिक मूल्याङ्कनमा निर्भर अभ्यासलाई सुधार गर्दै वैज्ञानिक, व्यवस्थित र नतिजामुखी बनाउने प्रयास भइरहेको छ । आधारभूत र माध्यमिक तहका प्रत्येक कक्षा र विषयका लागि सिकाइ उपलब्धि मापन गर्ने सूचकहरू विकास गर्ने रणनीति लिइएको छ । शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षाको परिणामसँग जोड्ने, अपाङ्गता भएका बालबालिकाका लागि विशेष मूल्याङ्कन गर्ने, तथा प्रयोगात्मक अभ्यास र इन्टर्नसिपसमेत मूल्याङ्कनमा समावेश गर्ने व्यवस्था विकास भइरहेको छ ।

नगरपालिकाले मूल्याङ्कन र अनुगमनलाई चुस्त बनाउन स्थानीय संयन्त्र निर्माण गर्ने र भविष्यमा माध्यमिक तहसम्मको परीक्षा स्थानीय तहबाट सञ्चालन गर्न पूर्वाधार र जनशक्ति तयार गर्ने लक्ष्य राखेको छ । बेलबारी नगरपालिका पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई स्थानीय परिवेश अनुकूल, समावेशी, गुणस्तरीय र नतिजामुखी बनाउन अग्रसर रहेको छ ।

### ४.१.३ उद्देश्य

क) विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ,

ख) स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु,

ग) पाठ्यक्रमले तोकेबमोजिम विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नु ।

### ४.१.४ रणनीतिहरू

क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने ।

ख) विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गर्ने ।

ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने ।

घ) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

ङ) शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने ।

च) शिक्षकको पेसागत सक्षमता विकास गर्ने ।

छ) सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने

ज) विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने ।

झ) सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने ।

ञ) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने ।

ट) स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ।

ठ) विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने ।

ड) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास एवम् कार्यान्यिन गर्ने ।

ढ) स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास गर्ने ।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार भएको हुनेछ ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क .सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | राष्ट्रिय परीक्षा बोर्डबाट विकास गरिएको कक्षा ८ को परीक्षा सञ्चालनसम्बन्धी मार्गदर्शनका आधारमा परीक्षा सञ्चालन | हजारमा | ११०० | ११५५ | १२१३ | १२७४ | १३३८ | |
| २ | एकीकृत पाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम | हजारमा | ५०० | ५०० | ६०० | ६०० | ७०० | |
| ३ | पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रोबोधीकरण तथा अभिमुखीकरण | हजारमा | ५०० | ५०० | ६०० | ६०० | ७०० | |
| ४ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र प्रकाशन | हजारमा | ३००० | ३५०० | ३५०० | ४००० | ४०० | |
| ५ | मातृभाषाको पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा शिक्षणमा सहजीकरण | हजारमा | ५०० | ५०० | ६०० | ६०० | ७०० | |
| ६ | उत्कृष्ट नतिजा ल्याउने विद्यालय, शिक्षक र विद्यार्थीलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम (कक्षा ८, १० र १२) | हजारमा | २०० | २०० | २५० | ३०० | ३५० | |
| ७ | शैक्षिक गुणस्तर परीक्षण मूल्याङ्कन कार्यक्रम | हजारमा | २०० | २०० | २५० | २५० | ३०० | |
| ८ | सामुदायिक विद्यालयका सिकाइ क्षमता कमजोर भएका विद्यार्थीहरूका अभिभावकहरूका लागि | हजारमा | ११०० | ११०० | १२०० | १२०० | १३०० | |

| क .सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| | परामर्श तथा अभिभावक सचेतनामूलक कार्यक्रम | | | | | | | |
| ९ | शिक्षक तालिम,पेसागत सहयोग, पुनर्ताजगी तालिम | हजारमा | ५०० | ५०० | ५५० | ५५० | ६०० | |
| १० | सुपरीवेक्षण तथा अनुगमन | हजारमा | २०० | २०० | २५० | २५० | ३०० | |
| ११ | विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको अभिमुखीकरण | हजारमा | १०० | १५० | १५० | २०० | २०० | |
| १२ | निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) प्रभावकारी कार्यान्वयन | हजारमा | २०० | २०० | २५० | २५० | ३०० | |
| १३ | परीक्षा नतिजा विश्लेषण गरी सुधारात्मक कार्ययोजना कार्यान्वयन | निरन्तर | | | | | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारमा शिक्षक व्यवस्थापन र विकासको भूमिका निर्णायक हुन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, प्रेरित, समर्पित, मिहिनेती र विद्यार्थीको सिकाइप्रति प्रतिवद्ध र जवाफदेही हुनु आवश्यक छ । शिक्षकको विषयगत ज्ञान, शिक्षण सिकाइमा दक्षता, सेवा भाव र नमुना व्यवहारले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । यसका लागि शिक्षकको पेसागत विकास सुनिश्चित गर्दै विद्यालयमा प्रभावकारी शिक्षक व्यवस्थापन गर्न आवश्यक छ । प्राथमिक तहमा शिक्षक विद्यार्थी अनुपात विद्यार्थी सङ्ख्याको आधारमा, र माध्यमिक तहमा विषयगत मापदण्डअनुसार कायम गरिएको छ ।छ । शिक्षकको क्षमता अभिवृद्धि, तालिम, कार्यशाला, अवलोकन भ्रमण, मेन्टरिङ तथा प्रविधिको प्रयोगमार्फत शिक्षक पेसालाई रोजाइको पेसा बनाउने प्रयास नगरपालिकाले गर्दै आएको छ । यसरी शिक्षक व्यवस्थापन र विकासले शिक्षाको गुणस्तर वृद्धि गर्न, शिक्षकलाई जिम्मेवार बनाउने र कक्षाकोठामा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ प्रवाह सुनिश्चित गर्ने लक्ष्य राखेको छ ।

### ४.२.२ वर्तमान अवस्था

बेलबारी नगरपालिकाभित्रका अधिकांश विद्यालयहरूमा विषयगत शिक्षकहरूको दरबन्दी पर्याप्त नभएको देखिन्छ । विद्यार्थी सङ्ख्यासँग अनुपात मिलाएर शिक्षक दरबन्दीको पुनर्वितरण र व्यवस्थापन गर्न अहिले टड्कारो

आवश्यकता छ । त्यस्तै, हाल कार्यरत शिक्षकहरूका लागि नवीनतम् शिक्षण विधि र प्रविधि , सूचना प्रविधि र बाल मनोविज्ञानसँग सम्बन्धित नियमित र गुणात्मक तालिम र पुनर्ताजगीकरण निरन्तर सञ्चालन गरिरहनु पर्ने आवश्यकता रहेको छ । शिक्षकहरूको निरन्तर पेशागत विकासलाई अझ नतिजामुखी र नियमित बनाउन आवश्यक छ । शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग वैज्ञानिक रूपमा जोड्ने संयन्त्रको कमी भएको छ, जसले शिक्षकलाई थप जिम्मेवार, उत्तरदायी र नतिजामुखी बन्ने आवश्यकता देखाउँछ । नगरपालिकामा दक्ष र तालिमप्राप्त शिक्षकहरूको आपूर्ति पर्याप्त छैन भने प्रधानाध्यापकहरूको छनोट प्रक्रियामा पनि योग्यता र क्षमतामाथि आधारित सुधार आवश्यक छ । यी चुनौतीहरूको समाधानका लागि नगरपालिका शिक्षक दरबन्दी मिलान, कार्यसम्पादनमा आधारित पुरस्कार तथा प्रोत्साहन, र नियमित पुनर्ताजगी तालिमका माध्यमबाट दीर्घकालीन रणनीतिहरू लागु गर्दै आएको छ ।

### ४.२.३ उद्देश्य

क) विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,

ख) विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

ग) शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु ।

### ४.२.४ रणनीतिहरू

क) विद्यार्थी सङ्ख्यासँग अनुपात मिलाएर तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र आवश्यकता अनुसार पुनर्वितरण गर्ने ।

ख) रिक्त शिक्षक दरबन्दीमा स्थानीय तह द्वरा शिक्षक व्यवस्थापन गर्ने ।

ग) दक्ष र तालिमप्राप्त शिक्षकको आपूर्ति सुनिश्चित गर्ने र नियुक्ति प्रक्रिया पारदर्शी बनाउने ।

घ) शिक्षकहरूको नियमित पेसागत विकासका लागि तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण र मेन्टरिङको व्यवस्था गर्ने ।

ङ) शिक्षकलाई ICT उपकरण, स्मार्ट बोर्ड र डिजिटल शिक्षण विधि प्रयोगमा प्रशिक्षित गर्ने ।

च) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, स्रोत विज्ञ र अनुभवी शिक्षकबाट मेन्टोरिङ्ग र सहायता उपलब्ध गराउने ।

छ) शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र मूल्याङ्कनसँग जोडेर वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गर्ने ।

ज) उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई पुरस्कार र प्रोत्साहन कार्यक्रममार्फत प्रेरित गर्ने ।

झ) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।

ञ) प्रधानाध्यापकलाई नेतृत्व, विद्यालय व्यवस्थापन, लेखा तथा संसाधन व्यवस्थापनमा तालिम प्रदान गर्ने ।

ट) शिक्षक तथा प्रधानाध्यापकको पेशागत विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकास गर्ने ।

ठ) नियुक्ति र पदस्थापन प्रक्रियामा राजनीतिक हस्तक्षेप न्यूनीकरण गरी योग्यता र अनुभवमा आधारित निर्णय सुनिश्चित गर्ने

ड) कार्ययोजना, शैक्षिक योग्यता र अनुभवका आधारमा प्रधानाध्यापकको छनोट गर्ने ।

ढ) नवप्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण र मेन्टोरिङ्ग मार्फत सबल, सक्षम, जिम्मेवार र उत्तरदायी बनाउने

ण) शिक्षकले कक्षाकोठामा बिताउने समय सुनिश्चित गर्न प्रधानाध्यापक जिम्मेवार हुने ।

त) शिक्षक व्यवस्थापन र विकासको प्रभावकारितालाई समय-समयमा अनुगमन गरी सुधारात्मक कदम चाल्ने ।

## ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धिः** विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन हुनेछ, विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेसागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ र शिक्षकलाई निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता भएको हुनेछ ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र. सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरूलाई गैर अनुदान | हजारमा | ८०० | ८०० | ८५० | ८५० | ९०० | |
| २ | माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | हजारमा | ५९५८ | ६२५५ | ६५६७ | ६८९५ | ७२३४ | |
| ३ | आधारभूत तह कक्षा (६-८) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | हजारमा | १०१५ | ११५३ | १३४२ | १५४२ | १६२० | |
| ४ | विद्यालय सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेशागत | हजारमा | १२०० | १२०० | १३२० | १३८६ | १५२४ | |

| क्र. सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| | सहयोगका लागि मेन्टरिङ पद्धतिको कार्यान्वयन | | | | | | | |
| ५ | शिक्षक दरबन्दीको पुनर्वितरण र विषयगत आवश्यकताअनुसार समायोजन गर्ने | हजारमा | १०० | १०० | १०० | १५० | १५० | |
| ६ | शिक्षकको पेशागत क्षमता विकासका लागि कार्यशाला, तालिम, अवलोकन भ्रमण, क्लस्टर बैठक र अनलाइन फोरम सञ्चालन गर्ने | हजारमा | ३०० | ३५० | ४०० | ४०० | ४५० | |
| ७ | प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापन, लेखा र स्रोत व्यवस्थापनमा तालिम प्रदान गर्ने | हजारमा | १०० | १०० | १५० | १५० | २०० | |
| ८ | शैक्षिक सामग्री निर्माण तालिम/कार्यशालाको व्यवस्था गर्ने | हजारमा | १०० | १०० | १५० | १५० | २०० | |
| ९ | प्रविधिमैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट प्रयोग तालिमको व्यवस्था गर्ने | हजारमा | १०० | १०० | १५० | १५० | २०० | |

## ४.३ समता र समावेशीकरण

### ४.३.१ परिचय

शिक्षा क्षेत्रमा समता र समावेशीकरण विशेष रूपमा महत्त्वपूर्ण छन । समावेशी शिक्षा प्रणालीले सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्दछ । विद्यालयले विद्यार्थीहरूका विविध आवश्यकता अनुसार पाठ्यक्रम, शिक्षण विधि, मूल्याङ्कन र भौतिक वातावरण अनुकूल बनाउँछ । यसले विशेष आवश्यकता भएका, अपाङ्गता भएका, भाषिक वा सांस्कृतिक रूपमा फरक पृष्ठभूमिका तथा वञ्चित समुदायका बालबालिकालाई शिक्षा प्रणालीमा समावेश गर्न मद्दत गर्दछ ।

समता र समावेशीकरणको प्रभावकारी कार्यान्वयनले सामाजिक न्याय, समान अवसर, मानव अधिकारको संरक्षण र दिगो विकासलाई प्रवर्द्धन गर्दछ । यसले समाजमा रहेका विभेद र असमानता कम गर्दै सबै नागरिकलाई समान रूपमा सम्मानजनक र सक्रिय जीवन जिउने अवसर प्रदान गर्दछ । त्यसैले, समता र समावेशीकरणलाई नीति, योजना र कार्यक्रमहरूको मुख्य आधारका रूपमा ग्रहण गर्नु आवश्यक हुन्छ ।

### ४.३.२ वर्तमान अवस्था

बेलबारी नगरपालिकाले शिक्षा तथा सामाजिक सेवामा समता र समावेशीकरणलाई प्राथमिकता दिँदै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । नगरपालिकामा हाल ३१ वटा सामुदायिक विद्यालय र ३५ वटा संस्थागत विद्यालय रहेका छन्, जसमा २११८३ जना विद्यार्थी अध्ययनरत छन् । तीमध्ये छात्राको सङ्ख्या ५० प्रतिशत भन्दा बढि रहेको छ ।

नगरपालिकाले आर्थिक रूपमा कमजोर तथा वञ्चित समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ, जसले समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने प्रयास गरेको देखिन्छ ।

यद्यपि, केही विद्यालयहरूमा शिक्षक दरबन्दी, स्रोतसाधन तथा पूर्वाधारको असमानता देखिन्छ । विशेष गरी आर्थिक तथा सामाजिक रुपमा पछि परेका समुदायका बालबालिकाको नियमित उपस्थिति, सिकाइ उपलब्धि तथा डिजिटल स्रोतमा पहुँच अझै चुनौतीपूर्ण रहेको छ ।

समग्रमा हेर्दा, बेलबारी नगरपालिकाले समता र समावेशीकरणलाई संस्थागत गर्न प्रयास गरे पनि सबै समुदाय र समूहसम्म सेवाको समान पहुँच सुनिश्चित गर्न थप तथ्यमा आधारित योजना, लक्षित कार्यक्रम तथा प्रभावकारी अनुगमन आवश्यक देखिन्छ ।

### ४.३.३ उद्देश्य

क. शिक्षा तथा सामाजिक सेवामा सबै बालबालिका र समुदायको समान पहुँच सुनिश्चित गर्दै विशेषगरी वञ्चित, सीमान्तीकृत तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता वृद्धि गर्नु,

ख. जात, लिङ्ग, भाषा, आर्थिक अवस्था, अपाङ्गता तथा भौगोलिक अवस्थाका कारण हुने विभेदलाई न्यूनीकरण गर्दै समावेशी, सुरक्षित र समान अवसरयुक्त वातावरण निर्माण गर्नु ।

### ४.३.४ रणनीतिहरू

**क.** विद्यालयमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्न शिक्षक, विद्यार्थी तथा अभिभावक लगायत सबै सरोकारवालाहरूलाई नियमित अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

**ख.** विद्यालयका सबै शैक्षिक तथा अतिरिक्त गतिविधिहरूमा बालबालिकाको समावेशी तथा समान सहभागिता सुनिश्चित गर्ने ।

**ग.** विद्यालयमा विशेषगरी छात्राहरूमाथि हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि ’जेन्डर फोकल पर्सन÷ वा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने ।

**घ.** प्रत्येक विद्यालयमा गुनासो पेटिका राखी विद्यार्थी तथा सरोकारवालाहरूका गुनासो सङ्कलन र समाधानको व्यवस्था गर्ने ।

**ङ.** सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरू (शौचालय, र्याम्प, सुरक्षित कक्षाकोठा आदि) निर्माण तथा सुधार गर्ने ।

**च.** घरधुरी सर्वेक्षण मार्फत बालबालिकासम्बन्धी आवश्यक विवरण सङ्कलन गरी तथ्याङ्क अद्यावधिक गर्ने र सोही आधारमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने ।

**छ.** साधारण विद्यालयमा भर्ना भएर अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाका लागि स्रोत कक्षा वा आवश्यक सहयोगी सेवा उपलब्ध गराउने ।

**ज.** समावेशी र समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित विद्यार्थीहरूका लागि आवश्यक छात्रवृत्ति तथा अन्य सहयोग कार्यक्रम उपलब्ध गराउने ।

**झ.** विशेषगरी किशोरीहरूमाथि हुने विभेद, हिंसा तथा हेपाइ न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम, अनुगमन, निरीक्षण तथा आवश्यक अनुसन्धान सञ्चालन गर्ने र विभेद गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउने ।

**ञ.** सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरू (शौचालय, र्याम्प, सुरक्षित कक्षाकोठा आदि) निर्माण तथा सुधार गर्ने ।

**ट.** घरधुरी सर्वेक्षण मार्फत बालबालिकासम्बन्धी आवश्यक विवरण सङ्कलन गरी तथ्याङ्क अद्यावधिक गर्ने र सोही आधारमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने ।

**ठ.** साधारण विद्यालयमा भर्ना भएर अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाका लागि स्रोत कक्षा वा आवश्यक सहयोगी सेवा उपलब्ध गराउने ।

**ड.** समावेशी र समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित विद्यार्थीहरूका लागि आवश्यक छात्रवृत्ति तथा अन्य सहयोग कार्यक्रम उपलब्ध गराउने ।

**ढ.** विशेषगरी किशोरीहरूमाथि हुने विभेद, हिंसा तथा हेपाइ न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम, अनुगमन, निरीक्षण तथा आवश्यक अनुसन्धान सञ्चालन गर्ने र विभेद गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउने ।

### ४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धिः** समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रूपले कमजोर, अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।

## ख) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रस | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | दलित छात्रवृत्ति (कक्षा १-५) गैर आवसीय | निरन्तर | | | | | | |
| २ | अपाङ्ग छात्रवृत्ति (कक्षा १-१२) गैर आवासीय | निरन्तर | | | | | | |
| ३ | अपाङ्ग विद्यार्थीका लागि छात्रवृत्ति (कक्षा १-१२) (आवासीय) | निरन्तर | | | | | | |
| ४ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनोट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | निरन्तर | | | | | | |
| ५ | विशेष आवश्यकत्ता भएका विद्यार्थी अध्ययनरत विद्यालय अनुदान | निरन्तर | | | | | | |
| ६ | बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान (Disability Screening) गर्न स्थानीय तह एवम् विद्यालयका लागि कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | |
| ७ | विद्यालयमा जेन्डर फोकल पर्सन तोक्ने। | निरन्तर | | | | | | |
| ८ | प्रत्येक विद्यालयमा गुनासो पेटिका राख्ने। | निरन्तर | | | | | | |
| ९ | गुनासो व्यवस्थापन तथा समाधान प्रणाली सञ्चालन गर्ने । | निरन्तर | | | | | | |
| १० | विद्यालयमा लैङ्गिकमैत्री शौचालय निर्माण गर्ने । | वटा | ५ | ५ | ७ | ७ | ७ | |
| ११ | अपाङ्गमैत्री संरचना (र्याम्प, रेलिङ आदि) निर्माण गर्ने । | वटा विद्यालय | ५ | ५ | ७ | ७ | ७ | |
| १२ | विद्यालय बाहिर रहेका | पटक | १ | १ | १ | १ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाको पहिचान गर्ने । | | | | | | | |
| १३ | विद्यालयमा विभेद तथा हिंसा न्यूनीकरण अभियान सञ्चालन गर्ने । | निरन्तर | | | | | | |
| १४ | विद्यालय व्यवस्थापन समिति र अभिभावकसँग अन्तरक्रिया गर्ने । | निरन्तर | | | | | | |
| १५ | समता र समावेशीकरणसम्बन्धी नियमित अनुगमन गर्ने । | निरन्तर | | | | | | |

## ४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाइ कार्यक्रम

### ४.४.१ परिचय

विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाइ कार्यक्रम विद्यालय उमेरका बालबालिकाको समग्र विकास, नियमित उपस्थिति र सिकाइ उपलब्धि सुधार गर्न सञ्चालन गरिने महत्त्वपूर्ण कार्यक्रम हो । यस कार्यक्रम अन्तर्गत विद्यालयमा अध्ययनरत बालबालिकालाई पोषणयुक्त दिवाखाजा उपलब्ध गराउने, स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने, व्यक्तिगत तथा वातावरणीय सरसफाइका व्यवहारहरू प्रवर्द्धन गर्ने तथा विद्यालयमा सुरक्षित र स्वच्छ वातावरण निर्माण गर्ने कार्यहरू गरिन्छन्। यसले बालबालिकाको स्वास्थ्य अवस्था सुधार गर्न, कुपोषण न्यूनीकरण गर्न तथा विद्यालयमा नियमित उपस्थिति र सक्रिय सहभागिता बढाउन महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । साथै, विद्यालय, अभिभावक र समुदायको सहकार्यमा स्वास्थ्य, पोषण र सरसफाइसम्बन्धी सकारात्मक व्यवहार विकास गर्न पनि यस कार्यक्रमले सहयोग गर्दछ ।

### ४.४.२ वर्तमान अवस्था

बेलबारी नगरपालिकाले बालबालिकाको स्वास्थ्य, पोषण र समग्र विकास सुनिश्चित गर्न विद्यालय स्तरमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सामुदायिक विद्यालयहरूमा बालविकासदेखि कक्षा ५ सम्मको दिवाखाजा नेपाल सरकारको व्यवस्थापनमा रहेको छ । यस कार्यक्रमबाट विशेषगरी आर्थिक अवस्था कमजोर परिवारका विद्यार्थीहरू लाभान्वित भएका छन ।

नगरपालिकाका सबै माध्यमिक तथा केही आधारभूत विद्यालयमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण भइसकेको छ र बाँकी विद्यालयमा निर्माण प्रक्रिया जारी छ । कक्षा ६—१२ सम्म अध्ययनरत छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन सुनिश्चित गर्न निशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिएको छ । साथै, सबै विद्यालयमा प्राथमिक उपचार सामग्रीको बाकस राखिएको छ र बालिकाहरूका लागि आइरन चक्की वितरण गरी पोषण सुधारमा सहयोग पुऱ्याइएको छ ।

यी कार्यक्रमहरूले बालबालिकाको स्वास्थ्य सुधार, कुपोषण न्यूनीकरण, नियमित उपस्थिति र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पुऱ्याउँदै समता र समावेशीकरणलाई प्रवर्द्धन गर्ने महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

### ४.४.३ उद्देश्यहरू

क) बालबालिकाहरुलाई स्वस्थ एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

ख) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु

### ४.४.४ रणनीतिहरू

क) सबै सामुदायिक र संस्थागत विद्यालयमा बालविकासदेखि कक्षा १२ सम्म पोषिलो र ताजा दिवाखाजा उपलब्ध गराउने ।

ख) विद्यालय भान्सा, भण्डार, भान्सामा प्रयोग हुने भाँडावर्तन र सामग्री सुधार्ने, समूहमा हात धुने सुविधा विस्तार गर्ने ।

ग) पर्याप्त पानी, साबुन, सफाइ सामग्री, अलग—अलग शौचालय र युरिनल, किशोरीका लागि चेन्ज रुम, कक्षा र परिसर सरसफाइ सुनिश्चित गर्ने ।

घ) प्राथमिक उपचार किट वितरण, बालबालिकाको स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्मपोषक तत्व वितरण नियमित गर्ने ।

ङ) किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापनका लागि सेनिटरी प्याड वितरण प्रभावकारी बनाउने ।

च) विद्यार्थी, शिक्षक र अभिभावकलाई पोषण, स्वास्थ्य, स्वच्छता र महिनावारी व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

छ) अपाङ्गता भएका, वञ्चित र आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई लक्षित गरी कार्यक्रम पहुँच सुनिश्चित गर्ने ।

ज) शिक्षक र कर्मचारीलाई तालिम दिई क्षमता विकास गर्ने ।

झ) अभिभावक र समुदायलाई अनुगमन, सुधार र मूल्याङ्कनमा सक्रिय सहभागी बनाउने ।

ञ) स्वास्थ्य, पोषण, सरसफाइ र किशोरी स्वच्छता कार्यक्रमलाई स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय गरी संयुक्त कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने ।

ट) कार्यक्रमको अनुगमन, मूल्याङ्कन र पुनरावलोकन गर्दै प्रभावकारिता सुनिश्चित गर्ने ।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धिः विद्यालयमा अध्ययन गर्न सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा समतामूलक पहुँच तथा सहभागिता भएको हुनेछ ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्रस | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | बालविकासदेखि कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम | निरन्तर | | | | | | |
| २ | सामुदायिक विद्यालयका किशोरीहरूलाई निशुल्क उपलव्ध गराउन सेनेटरी प्याड खरिद तथा वितरण | हजारमा | २८५० | २९३५ | ३०८० | ३१७२ | ३२६७ | |
| ३ | विद्यालय पोषण र दिवाखाजा सम्बन्धी कार्यविधि तयार गर्ने र कार्यान्वयन गर्ने । | निरन्तर | | | | | | |
| ४ | स्वच्छ तथा सफा पिउने पानीको व्यवस्था | वटा | ५ | ५ | ५ | ७ | ७ | |
| ५ | साबुन, पानी, सरसफाइ सामग्री व्यवस्थापन | निरन्तर | | | | | | |
| ६ | प्राथमिक उपचार कक्ष सञ्चालन, स्वास्थ्य जाँच र पोषण तत्त्व वितरण गर्ने । | निरन्तर | | | | | | |
| ७ | विद्यार्थी, शिक्षक र अभिभावकलाई पोषण, स्वास्थ्य र स्वच्छतासम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | पटक | ३ | ३ | ३ | ३ | ३ | |
| ८ | अभिभावक र समुदायलाई अनुगमन र सुधारमा सहभागी बनाउने। | निरन्तर | | | | | | |

## ४.५ आपत्कालीन अवस्थामा शिक्षा

### ४.५.१ परिचय

आपतकालीन अवस्था,जस्तै प्राकृतिक प्रकोप, महामारी, द्वन्द्व वा अन्य सङ्कटका बेला बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्नु अत्यन्त महत्त्वपूर्ण हुन्छ । यस क्रममा विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, अनलाइन वा सामुदायिक आधारमा सिकाइको व्यवस्था गरिनु पर्छ। शिक्षण सामग्री, शिक्षक प्रशिक्षण र विद्यार्थीहरूको पहुँचमा ध्यान दिँदै सबै बालबालिकाले समान अवसर पाउनुपर्छ। आपत्कालीन शिक्षाले

बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित मात्रै गर्दैन, बरू उनीहरूको मानसिक स्वास्थ्य, सुरक्षा र सामाजिक सुरक्षा पनि प्रवर्द्धन गर्छ । यसले दीर्घकालीन विकास र समावेशी समाज निर्माणमा योगदान पु-याउँछ ।

### ४.५.२ वर्तमान अवस्था

बेलबारी नगरपालिकामा आपत्कालीन अवस्थामा बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्न विभिन्न तयारी र कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । प्राकृतिक प्रकोप वा स्वास्थ्य सङ्कट जस्ता अवस्थाका बेला विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, सामुदायिक केन्द्र वा घरमा आधारित सिकाइको व्यवस्था गरिन्छ। स्थानीय सरकार, शिक्षक र विद्यालय व्यवस्थापन समितिको सहकार्यमा सङ्कटमा रहेका बालबालिकाका लागि आवश्यक शैक्षिक सामग्री वितरण, अनलाइन वा टेलिफोन माध्यममार्फत सिकाइको सुविधा उपलब्ध गराउने व्यवस्था छ ।

साथै, शिक्षकहरूलाई आपत्कालीन शिक्षासम्बन्धी तालिम दिइरहेको र अभिभावक तथा समुदायलाई बालबालिकाको सिकाइ निरन्तरतामा सहकार्य गर्न अभिमुखीकरण गरिएको छ । यद्यपि, केही दुर्गम क्षेत्रका बालबालिकाले अनलाइन पहुँच, उपकरण र स्रोत अभावका कारण प्रभावकारी सिकाइमा चुनौती भोगिरहेका छन । नगरपालिकाले आपत्कालीन शिक्षामा पहुँच, सामग्री वितरण र समावेशिता सुनिश्चित गर्न थप योजना र स्रोत व्यवस्थापन गर्दै आएको छ ।

### ४.५.३ उद्देश्य

क) प्राकृतिक प्रकोप, महामारी वा अन्य सङ्कटका बेला पनि सबै बालबालिकाले समान रूपमा निरन्तर शिक्षा प्राप्त गर्न पहुँच र अवसर सुनिश्चित गर्नु,

ख) आपत्कालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पु-याउँनु ।

### ४.५.४ रणनीति

**क)** सङ्घीय सरकारले बनाएको विपद्/आपत्कालीन कार्यविधि स्थानीय स्तरमा लागुगर्ने संयन्त्र विकास गर्ने ।

**ख)** स्थानीय सरकार र विज्ञहरूसँग अन्तरक्रिया गरी तहगत वैकल्पिक सिकाइ पाठ योजना तयार गर्ने ।

**ग)** स्थानीय रेडियो, टेलिभिजन र अन्य सञ्चार माध्यमसँग समन्वय गर्ने ।

**घ)** विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माणमा जोड दिने ।

**ङ)** नगरपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने,जसमा विद्यालय शिक्षा उपसमिति पनि रहने ।

**च)** प्रत्येक विद्यालयमा आपत्कालीन प्रतिकार्य योजना तयार गर्ने ।

**छ)** महामारी वा सङ्कटका समयमा वैकल्पिक शिक्षण सिकाइ उपाय तयार गर्ने ।

**ज)** स्थानीय तह र विद्यालयका कर्मचारी/शिक्षकहरूको आपत्कालीन क्षमता विकास गर्ने ।

**झ)** विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश गरी कार्यान्वयन गर्ने ।

**ञ)** हरित विद्यालय, जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

**ट)** सङ्कट/आपत्कालिन अवस्थामा बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तरता कायम गर्ने ।

**ठ)** Covid-19 जस्ता सङ्कटले पार्ने छोटो र लामो अवधि प्रभाव पहिचान गरी समाधान गर्ने ।

**ड)** विपद् पूर्व तयारी, प्रतिकार्य र ड्रिल अभ्यासलाई विद्यालयको वार्षिक योजनामा समावेश गर्ने ।

**ढ)** शिक्षक र विद्यार्थीलाई विपद्, जलवायु परिवर्तन र आपत्कालीन तयारी सम्बन्धी ज्ञान र व्यवहारिक तालिम दिने ।

**ण)** अभिभावक र समुदायलाई आपत्कालीन शिक्षामा सक्रिय सहभागी बनाउने ।

**त)** सङ्कट/आपत्कालिन अवस्था व्यवस्थापनका लागि नियमित अनुगमन, मूल्याङ्कन र सुधार गर्ने ।

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः आपत्कालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुगेको हुनेछ

**ख) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्रस | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | आपत्कालीन शिक्षा योजना र यसको कार्यविधि निर्माण गरी कार्यन्वयन गर्ने । | निरन्तर | | | | | | |
| २ | नगरपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने । | निरन्तर | | | | | | |
| ३ | स्रोत शिक्षक र प्रधानाध्यापकलाई तालिम दिने। | पटक | १ | १ | १ | १ | १ | |
| ४ | विद्यार्थी र शिक्षकमा विपद् सचेतना कार्यक्रम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | |
| ५ | अभिभावकलाई पनि सचेतनामा सहभागी बनाउने। | निरन्तर | | | | | | |
| ६ | वैकल्पिक सिकाइ उपाय तयार राख्ने। | निरन्तर | | | | | | |
| ७ | स्थानीय रेडियो, टेलिभिजन र | निरनतर | | | | | | |

| क्रस | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| | सञ्चारसँग समन्वय गर्ने । | | | | | | | |
| ८ | विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माण गर्ने । | निरन्तर | | | | | | |
| ९ | नियमित ड्रिल अभ्यास र आपत्कालीन अभ्यास गर्ने । | निरन्तर | | | | | | |
| १० | विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश गर्ने । | निरन्तर | | | | | | |
| ११ | अनुगमन, मूल्याङ्कन र सुधारको माध्यमबाट कार्यक्रमको प्रभावकारिता सुनिश्चित गर्ने । | निरन्तर | | | | | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

विद्यालयमा बालबालिकाले सुरक्षित र गुणस्तरीय शिक्षा प्राप्त गर्न भौतिक पूर्वाधार अत्यन्त महत्त्वपूर्ण हुन्छ । शिक्षा नियमावली २०५९ अनुसार, प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल तोकिएको छ । यसले प्रत्येक विद्यार्थीले पर्याप्त स्थानमा पठनपाठन गर्न सक्ने वातावरण सुनिश्चित गर्छ। विद्यालयका आधारभूत भौतिक पूर्वाधारमा सुरक्षित विद्यालय भवन, पढ्नका लागि कक्षाकोठा, खेकुदका लागि खेलमैदान, शौचालय, स्वच्छ पिउने पानी, सफाइ र पुस्तकालय/बुक कर्नर जस्ता सुविधा समावेश हुन्छन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयलाई बालमैत्री, सुरक्षित, हरित र विपद् जोखिममुक्त बनाउन भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी र पुस्तकालय जस्ता सम्पूर्ण पूर्वाधार विकास गर्ने नीतिगत व्यवस्थापन गरेको छ । यी पूर्वाधारले शिक्षामा पहुँच सुनिश्चित गर्नु साथै बालबालिकाको सिकाइ अनुभव, स्वास्थ्य र समग्र विकासमा पनि योगदान पुऱ्याउँछ ।

### ४.६.२ वर्तमान अवस्था

बेलबारी नगरपालिकामा बालबालिकाको सुरक्षित र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न विद्यालय भौतिक पूर्वाधार विकासमा लगातार प्रयास भइरहेका छन् । नगरपालिकाभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयमा कक्षाकोठा, खेलमैदान, शौचालय, पिउने पानी, फर्निचर, पुस्तकालय/बुक कर्नर लगायतका आधारभूत संरचना उपलब्ध छन । प्रारम्भिक बालविकास तथा आधारभूत तहका कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल सुनिश्चित गरिएको छ ।

नगरपालिकाले विद्यालय भवन र अन्य पूर्वाधारलाई सुरक्षित, बालमैत्री तथा हरित विद्यालयको रूपमा विकास गर्ने नीतिअनुसार काम गर्दै आएको छ । केही विद्यालयमा भवन विस्तार, खेलमैदान सुधार र शौचालय/स्वच्छता सुविधा सुधार गर्न आवश्यक देखिन्छ । यद्यपि, सबै विद्यालयमा विपद् प्रतिरोधी पूर्वाधार निर्माण, पर्याप्त खेल क्षेत्र र पुस्तकालय सुविधा सुनिश्चित गर्न थप प्रयास जारी छ ।

समग्रमा बेलबारी नगरपालिकाले विद्यालय भौतिक पूर्वाधारको विकासमा ठोस कदम चाल्दै आएको भए पनि विद्यालयहरूको भौतिक वातावरण सुधार, समावेशी पहुँच र विपद् जोखिम न्यूनीकरणमा अझै योजना र स्रोतको आवश्यकता देखिन्छ । विद्यालयको वर्तमान भौतिक पूर्वाधारको विवरण तलको तालिकामा प्रस्तुत गरीएको छ ।

| क.स. | भौतिक विवरण | आधार वर्ष २०८२।८३ को स्थिति | आर्थिक बर्ष २०८३-८४ को लक्ष्य | आर्थिक बर्ष २०८४-८५ को लक्ष्य | आर्थिक बर्ष २०८५-८६ को लक्ष्य | आर्थिक बर्ष २०८६-८७ को लक्ष्य | आर्थिक बर्ष २०८७-८८ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १ | सबै सामुदायिक विद्यालयमा भएका ढलान भएका भवन संख्या | ८९ | ९५ | १०० | १०५ | ११० | ११५ |
| २ | सबै सामुदायिक विद्यालयमा भएका टिनको छाना भएका भवन संख्या | ५७ | ५१ | ४६ | ४१ | ३६ | ३१ |
| ३ | सबै सामुदायिक विद्यालयमा जिर्ण भएका भवन संख्या | २१ | १८ | १५ | १२ | १० | ५ |
| ४ | नयाँ निर्माण गर्नुपर्ने आवस्यक कक्षाकोठा संख्या | ७२ | ६० | ५० | ४० | ३० | |
| ५ | कक्षाकोठा पर्याप्त भएका विद्यालय संख्या | २१ | २५ | ३१ | ३१ | ३१ | ३१ |
| ६ | कक्षाकोठा पर्याप्त नभएका विद्यालय संख्या | १० | ६ | ० | ० | ० | ० |
| ७ | पर्याप्त पिउने पानि भएको विद्यालय | १४ | २० | २६ | ३१ | ३१ | |

| क्र.स. | भौतिक विवरण | आधार वर्ष २०८२।८३ को स्थिति | आर्थिक बर्ष २०८३-८४ को लक्ष्य | आर्थिक बर्ष २०८४-८५ को लक्ष्य | आर्थिक बर्ष २०८५-८६ को लक्ष्य | आर्थिक बर्ष २०८६-८७ को लक्ष्य | आर्थिक बर्ष २०८७-८८ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| | संख्या | | | | | | |
| ८ | पर्याप्त पिउने पानि नभएको विद्यालय संख्या | १७ | ११ | ५ | ० | ० | |
| ९ | शौचालय पर्याप्त भएका विद्यालय संख्या | १६ | २० | २५ | ३१ | ३१ | |
| १० | शौचालय पर्याप्त नभएका विद्यालय संख्या | १५ | ११ | ६ | ० | ० | |
| ११ | छुट्टै प्रधानाध्यापक कक्ष भएका विद्यालय | ९ | १५ | २० | २५ | ३१ | |
| १२ | छुट्टै प्रधानाध्यापक कक्ष नभएका विद्यालय | २२ | १६ | ११ | ६ | ० | |
| १३ | खेलमैदान पर्याप्त भएका विद्यालयको संख्या | १३ | १६ | १८ | २० | २२ | |
| १४ | खेलमैदान पर्याप्त भएका नविद्यालयको संख्या | १८ | १५ | १३ | ११ | ९ | |
| १५ | पुस्तकालय भएका विद्यालय संख्या | ११ | १५ | २० | २५ | ३१ | |
| १६ | पुस्तकालय नभएका विद्यालय संख्या | २० | १६ | ११ | ६ | ० | |
| १७ | प्रयोगशाला भएका विद्यालय संख्या | १४ | १७ | २० | २५ | ३१ | |

| क्र.स. | भौतिक विवरण | आधार वर्ष २०८२।८३ को स्थिति | आर्थिक बर्ष २०८३-८४ को लक्ष्य | आर्थिक बर्ष २०८४-८५ को लक्ष्य | आर्थिक बर्ष २०८५-८६ को लक्ष्य | आर्थिक बर्ष २०८६-८७ को लक्ष्य | आर्थिक बर्ष २०८७-८८ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १८ | प्रयोगशाला नभएका विद्यालय संख्या | १७ | १४ | ११ | ६ | ० | |
| १९ | चमेनागृह भएका विद्यालय संख्या | १४ | १७ | २० | २५ | ३१ | |
| २० | चमेनागृह नभएका विद्यालय संख्या | १७ | १४ | ११ | ६ | ० | |
| २१ | पर्याप्त घेराबारा भएका विद्यालय संख्या | २० | २३ | २६ | ३१ | ३१ | |
| २२ | पर्याप्त घेराबारा नभएका विद्यालय संख्या | ११ | ८ | ५ | ० | ० | |
| २३ | प्राथमिक उपचार कक्ष भएका विद्यालय संख्या | ४ | ८ | १२ | १५ | २० | |
| २४ | प्राथमिक उपचार कक्ष नभएका विद्यालय संख्या | २७ | २३ | १९ | १६ | ११ | |
| २५ | सभा सम्मेलन हल भएका विद्यालय संख्या | ५ | ८ | १२ | १५ | २० | |

### ४.६.३ उद्देश्य

क) सबै विद्यालयमा बालबालिकाको सिकाइ, स्वास्थ्य र खेलकुदका लागि पर्याप्त, सुरक्षित र समावेशी भौतिक पूर्वाधार सुनिश्चित गर्नु,

ख) विद्यालय भवन र अन्य पूर्वाधारलाई बालमैत्री, हरित र विपद् जोखिममुक्त बनाउँदै दीर्घकालीन टिकाउ विकास प्रवर्द्धन गर्नु ।

### ४.६.४ रणनीतिहरू

क) विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधार विकासका मापदण्ड तयार गर्ने ।

ख) पूर्वाधार निर्माण र स्तरोन्नतिका लागि सङ्घसंस्था, सरोकारवालासँग लागत साझेदारी गर्ने ।

ग) कक्षाकोठा, शिक्षक/प्रधानाध्यापक कक्ष, प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा/खाजा घरलगायत पूर्वाधार समावेश गरेर डिजाइन गर्ने ।

घ) प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्थासहित स्तरोन्नति गर्ने ।

ङ) पूर्वाधार निर्माणसँगै विद्यालय व्यवस्थापन र संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

च) विद्यालय भौतिक पूर्वाधारका लागि सूचक तयार गरी अनुगमन गर्ने ।

छ) आंशिक क्षति भएका विद्यालय संरचनाको मर्मत सम्भार नियमित गर्ने ।

ज) विद्यालय भवन र पूर्वाधारलाई विपद् जोखिममुक्त, सुरक्षित र हरित बनाउने ।

झ) विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने ।

ञ) खेल मैदान, पुस्तकालय/बुक कर्नर र अन्य सिकाइ स्रोत सुनिश्चित गर्ने ।

ट) विद्यार्थीहरूको पहुँच र समावेशीता सुनिश्चित गर्दै सबै पूर्वाधार डिजाइन गर्ने ।

ठ) अनुगमन, मूल्याङ्कन र सुधार मार्फत पूर्वाधारको टिकाउपन र प्रभावकारिता सुनिश्चित गर्ने ।

### ४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य

**क) उपलब्धिः** सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र. सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | स्थानीय तहको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | वटा | २ | २ | २ | २ | २ | |
| २ | विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधार मापदण्ड निर्धारण गर्ने । | निरन्तर | | | | | | |
| ३ | सङ्घसंस्था र सरोकारवालासँग समन्वय गरी पूर्वाधार निर्माणको लागत साझेदारी गर्ने । | निरन्तर | | | | | | |
| ४ | कक्षाकोठा, शिक्षक/प्रधानाध्यापक कक्ष, | वटा | २ | २ | २ | २ | २ | |

| क्र. सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| | प्रशासनिक कक्ष, शौचालय, पानी, भान्सा/खाजा घर लगायत समग्र पूर्वाधार डिजाइन र निर्माण गर्ने । | | | | | | | |
| ५ | प्रकोप प्रभावित विद्यालय भवनको स्तरोन्नति र वैकल्पिक व्यवस्थाको आयोजना गर्ने । | निरन्तर | | | | | | |
| ६ | आंशिक क्षति भएका विद्यालय संरचनाको मर्मत सम्भार नियमित सञ्चालन गर्ने । | निरन्तर | | | | | | |
| ७ | विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री, हिंसा रहित, सुरक्षित र हरित विद्यालय, वातावरण संरक्षण तथा जलवायु अनुकूल सिकाइ केन्द्रको रूपमा विकास गर्ने । | निरन्तर | | | | | | |

## ४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबिच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ । नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ ।

सूचना तथा सञ्चार प्रविधि (ICT) विद्यालय शिक्षामा सिकाइ प्रक्रियालाई थप प्रभावकारी, सहभागी र आधुनिक बनाउन प्रयोग गरिन्छ। ICT मार्फत शिक्षकहरूले बहु-माध्यमिक सामग्री, अनलाइन स्रोत, डिजिटल कक्षाकोठा र शिक्षण सफ्टवेयरको प्रयोग गरी पाठ्यक्रमअनुसार सिकाइ अनुभव समृद्ध बनाउन सक्छन्। विद्यार्थीहरूलाई खोज, अनुसन्धान, परियोजना कार्य र संवादात्मक सिकाइमा सहभागी गराउने ICT ले सिकाइलाई सक्रिय र रचनात्मक बनाउँछ ।विद्यालय शिक्षामा ICT को प्रयोगले शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउँछ, सूचना पहुँच सजिलो बनाउँछ, सहकार्य र सञ्चार प्रवर्द्धन गर्छ र डिजिटल सिप विकासमा सहयोग पुऱ्याउँछ । यसले ज्ञान प्राप्तिमा सहजता ल्याउने मात्र होइन, भविष्यका दक्ष र सृजनशील नागरिक तयार पार्नमा पनि महत्वपूर्ण योगदान दिन्छ ।

### ४.७.२ वर्तमान अवस्था

बेलबारी नगरपालिकामा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग विस्तार हुँदै आएको छ । अधिकांश विद्यालयहरुमा कम्प्युटर ल्याब, प्रोजेक्टर, स्मार्ट बोर्ड र इन्टरनेट सुविधा उपलब्ध छन । शिक्षकहरूले सिकाइ प्रक्रियामा डिजिटल स्रोत, अनलाइन सामग्री र प्रस्तुति प्रविधिको प्रयोग गर्दै पाठ्यक्रम अनुसार पाठ सञ्चालन गरिरहेका छन् ।

तर, सबै विद्यालयमा ICT पहुँच समान छैन । नगरपालिकाले ICT पहुँच, उपकरण उपलब्धता, शिक्षक तालिम र डिजिटल पाठ्यसामग्री विकासमा काम गर्दै आएको छ ।

समग्रमा, बेलबारी नगरपालिकामा ICT को प्रयोगले शिक्षक र विद्यार्थी दुवैका लागि सिकाइ अनुभव समृद्ध बनाउने क्रम जारी छ, तर समावेशी र पूर्ण पहुँच सुनिश्चित गर्न अझ योजना र स्रोतको आवश्यकता देखिन्छ ।

वर्तमान सुचना प्रविधिको उपलब्धताको विबरण तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**आधार वर्ष (शैक्षिक सत्र २०८२) मा विद्यालयहरुमा भएका डिजिटल उपकरणहरुको स्थिति र भावि लक्ष्य**

| क्र. स. | विवरण | आधार वर्ष २०८२।८३ को संख्या | २०८३।८४ को लक्ष्य | २०८४।८५ को लक्ष्य | २०८५।८६ को लक्ष्य | २०८६।८७ को लक्ष्य | २०८७।८८ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा कार्यलयका लागि/शिक्षकका लागि प्रयोगमा रहेका डेस्कटप/ल्यापटप को संख्या | ९९ | १२० | १५० | २०० | २५० | ३०० |
| २ | विद्यालयमा विद्यार्थीका लागि | २३० | २६० | ३०० | ३५० | ४१० | ५०० |

| क.स. | विवरण | आधार वर्ष २०८२।८३ को संख्या | २०८३।८४ को लक्ष्य | २०८४।८५ को लक्ष्य | २०८५।८६ को लक्ष्य | २०८६।८७ को लक्ष्य | २०८७।८८ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| | प्रयोगमा रहेका डेस्क्टप/ल्यापटप को संख्या (चलिरहेका/नबिग्रिएका मात्र) | | | | | | |
| ४ | विद्यालयमा रहेको प्रोजेक्टर संख्या | २६ | ३१ | ४० | ५० | ६० | ७० |
| ५ | विद्यालयमा प्रयोगमा रहेको इन्टरएक्टिभ प्यानल बोर्डको संख्या | ३२ | ४७ | ६७ | ९० | ११५ | १५० |
| ७ | विद्यालयमा प्रयोगमा रहेको स्मार्ट बोर्डको संख्या | २३ | ३१ | ३१ | ३१ | ३१ | ३१ |

### ४.७.३ उद्देश्य

क) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चित गरी शिक्षक र विद्यार्थीको सिकाइ अनुभव प्रभावकारी बनाउनु,

ख) ICT प्रयोगमार्फत डिजिटल क्षमता, अनुसन्धान, सहकार्य र रचनात्मक सोच विकास गर्दै गुणस्तरीय र समावेशी शिक्षा प्रवर्द्धन गर्नु ।

### ४.७.४ रणनीतिहरू

क) सबै विद्यालयमा ICT को आधारभूत संरचना र उपकरण (कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड आदि) उपलब्ध गराउने ।

ख) शिक्षकहरूको ICT प्रयोग क्षमता वृद्धि गर्न तालिम र कार्यशाला सञ्चालन गर्ने ।

ग) कक्षा र विषय अनुसार तयार गरिएका अन्तरक्रियात्मक डिजिटल पाठ्यसामग्रीको प्रयोग बढाउने ।

घ) शिक्षक सहायता, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीमा ICT को प्रयोग गर्ने ।

ङ) शैक्षिक स्रोत र सामग्रीमा इन्टरनेट सुविधा मार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने ।

च) विद्यालय प्रशासन, सूचना व्यवस्थापन र शिक्षासम्बन्धी सेवा प्रवाहमा ICT प्रयोग विस्तार गर्ने ।

छ) सामुदायिक सिकाइ केन्द्रहरूमा ICT स्थापना गर्ने ।

ज) सबै विद्यालयमा ICT पहुँच सुनिश्चित गर्न मोबाइल/साझा उपकरण वा अनलाइन समाधानको व्यवस्था गर्ने ।

झ) ICT मार्फत विद्यार्थी केन्द्रित, अनुसन्धान र परियोजना आधारित सिकाइ प्रवर्द्धन गर्ने ।

ञ) ICT सम्बन्धी अनुगमन, मूल्याङ्कन र सुधार कार्य योजनामा समावेश गरी प्रभावकारिता सुनिश्चित गर्ने ।

### ४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः** विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्द्धन हुनेछ ।

**ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | विद्यालयमा भर्चुअल शिक्षण, इ-लर्निङ, पुस्तकालय र प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन | निरन्तर | | | | | | |
| २ | विद्यालय शिक्षकका लागि सूचना प्रविधिसम्बन्धी क्षमता विकास | हजारमा | १०० | १०० | १०० | १०० | १०० | |
| ३ | सबै सामुदायिक विद्यालयमा विद्युत् सुविधाका लागि अनुदान | हजारमा | २१५० | २२५७ | २३२५ | २३९५ | २५१५ | |
| ४ | नमुनाको रूपमा डिजिटल सिकाइ कक्षा व्यवस्थापन तथा सञ्चालन | वटा | ५ | ५ | ७ | ७ | ७ | |

# परिच्छेद ५
# विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवा उन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यवस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याङ्कन जस्ता क्षेत्रहरु समावेश गरिएको छ ।

## ५.१ संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना सङ्घीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिँदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि नगर कार्यपालिका, नगरसभा, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र विद्यालय मुख्य संयन्त्रका रूपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालाको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि

सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधीकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता विना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ "ज" मा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ । विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनाको सङ्घ तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ । प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा / शाखाको व्यवस्था गरिएको छ ।

### ५.१.२ वर्तमान अवस्था

यस नगरपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक एक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्राय जसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रूपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अविभावक भेला र छलफल जस्ता कार्यहरु आंशिक रूपमा मात्र हुने गरेका छन् । यस योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ । त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान

गरिरएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ ओटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ कार्यालय रहेको छ ।

### ५.१.३ उद्देश्य

क) स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,

ख) तीनै तहका सरकारबिचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,

ग) स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,

घ) जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु

### ५.१.४ रणनीतिहरू

क) स्थानीय तहमा शिक्षा व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।

ख) संस्थागत संरचना अनुसार आवश्यक जनशक्तिको व्यवस्था गर्ने ।

ग) कार्यरत शिक्षक, कर्मचारी र प्रधानाध्यापकको क्षमता विकास गर्ने ।

घ) शिक्षक पेशागत सहयोग प्रणाली स्थापन गरी उनीहरूको व्यावसायिक विकास सुनिश्चित गर्ने ।

ङ) प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई नेतृत्व र क्षमता विकास गर्ने ।

च) विद्यालय कार्यक्रम प्रभावकारी ढङ्गले सञ्चालन गर्न आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने ।

छ) विद्यालय प्रशासन र व्यवस्थापन संरचना सुधार गर्ने ।

ज) शिक्षक, प्रधानाध्यापक र कर्मचारीको पेशागत क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने ।

झ) विद्यालय, शिक्षक र विद्यार्थीको कार्यसम्पादन नियमित अनुगमन र मूल्याङ्कन गर्ने ।

ञ) मानव, वित्तीय र भौतिक स्रोतको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने ।

ट) स्थानीय सरकार, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने ।

ठ) ICT र डिजिटल प्रणाली मार्फत प्रशासन र शिक्षण सिकाइ प्रक्रियालाई सुदृढ गर्ने ।

ड) विद्यालय सुधार योजना, बजेट र नीति निर्माणमा क्षमता अभिवृद्धि गर्ने ।

ढ) विपद् र आपतकालीन अवस्थामा विद्यालय व्यवस्थापन र शिक्षकहरूको तयारी क्षमता विकास गर्ने ।

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ

## ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन गर्ने तथा , अनौपचारिक शिक्षा/ आजीवन सिकाइ कार्यक्रम सञ्चालन | निरन्तर | | | | | | |
| २ | शैक्षिक सुशासन प्रवर्धन कार्यक्रम, वार्षिक, त्रैमासिक प्रतिवेदन तयारी,IEMIS व्यवस्थापन, शैक्षिक अभिलेख व्यवस्थापन | निरन्तर | | | | | | |
| ३ | बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि,२०७९ कार्यान्वयन | निरन्तर | | | | | | |
| ४ | नविनतम् शिक्षण विधि तथा पद्धति सम्बद्ध कार्यशाला/तालिम गोष्ठी | पटक | १ | १ | १ | १ | १ | |
| ५ | सामुदायिक विद्यालयहरूको स्तरोन्नति तथा शिक्षाको गुणस्तर विकासका लागि उत्प्रेरणा तथा सकारात्मक सोचको विकासका लागि गोष्ठी/तालिम तथा सेमिनार | पटक | १ | १ | १ | १ | १ | |
| ६ | विषयगत शिक्षक कार्यशाला तथा गोष्ठी | पटक | १ | १ | १ | १ | १ | |
| ७ | सामुदायिक र संस्थागत विद्यालयका असल अभ्यासहरुको आदान प्रदानका लागि साझा अभ्यास मेला आयोजना | पटक | १ | १ | १ | १ | १ | |
| ८ | प्रधानाध्यापक तथा विषय शिक्षकहरूको नियमित बैठक सञ्चालन | नियमित | | | | | | |
| ९ | शिक्षा शाखाबाट विद्यालय | नियमित | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सुपरिवेक्षण तथा अनुगमन | | | | | | | |
| १० | परीक्षा अनुगमन र निरीक्षण (त्रैमासिक, एसइइ र एसएलसी ) | नियमित | | | | | | |
| ११ | शैक्षिक क्रियाकलाप सम्बन्धी सबै वडाहरूसँग समन्वय | निरन्तर | | | | | | |
| १२ | नगर स्तरीय शैक्षिक मेला | पटक | १ | १ | १ | १ | १ | |
| १३ | विद्यालय सुधार योजना निर्माण र विकास तथा समीक्षा | नियमित | | | | | | |
| १४ | नगर खेलकुद बैठक, विभिन्न विधाका खेलकुद सञ्चालन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता तथा सम्मान र पुरस्कार | निरन्तर | | | | | | |
| १५ | जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग प्रतियोगतामा सहभागिता | पटक | १ | १ | १ | १ | १ | |
| १६ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन | पटक | १ | १ | १ | १ | १ | |
| १७ | मेयरसँग विद्यार्थी कार्यक्रम सञ्चालन | नियमित | | | | | | |
| १८ | छात्रासँग उपमेयर कार्यक्रम सञ्चालन | नियमित | | | | | | |
| १९ | मेयर कप फुटबल प्रतियोगिता सञ्चालन (नगर स्तरीय, अन्तर वडा) | पटक | १ | १ | १ | १ | १ | |
| २० | शिक्षक, प्रधानाध्यापक र कर्मचारीको पेसागत क्षमता विकास तालिम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | |
| २१ | स्थानीय सरकार, अभिभावक, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने। | निरन्तर | | | | | | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षाको व्यवस्थापन, सञ्चालन र विकासको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ । यस सन्दर्भमा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको शैक्षिक आवश्यकता, प्राथमिकता

र स्रोत साधनलाई ध्यानमा राखी **शिक्षा योजना** तयार गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहको शिक्षा क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय र समावेशी बनाउने उद्देश्यले तय गरिएको **रणनीतिक र कार्यान्वयनमुखी योजना** हो । यसले विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, वैकल्पिक शिक्षा, साक्षरता, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार, सिकाइ उपलब्धि सुधार लगायतका विषयलाई समेट्छ ।

स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत योजना निर्माण, स्रोत व्यवस्थापन, कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कनका स्पष्ट प्रक्रिया र संरचनाहरू तय गरिन्छ। यस प्रक्रियामा स्थानीय सरकार, विद्यालय, शिक्षक, अभिभावक, समुदाय तथा सम्बन्धित सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिन्छ ।

## ५.२.२ वर्तमान अवस्था

नगरपालिकाले स्थानीय सरकारको अधिकार क्षेत्र अनुसार शिक्षा क्षेत्रको व्यवस्थित विकासका लागि स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध गर्नेछ । नगरपालिकाले शिक्षा शाखा मार्फत विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, समावेशी तथा वैकल्पिक शिक्षा कार्यक्रमहरूको समन्वय र व्यवस्थापन गर्नेछ । योजना कार्यान्वयन अन्तर्गत नगरपालिकाले विद्यालयहरूको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने, विद्यालय सुधार योजना कार्यान्वयनमा सहजीकरण गर्ने, शिक्षक दरबन्दी व्यवस्थापन तथा आवश्यकता अनुसार पुनर्वितरण गर्ने, रिक्त पदमा शिक्षक नियुक्ति प्रक्रियामा सहजीकरण गर्ने तथा शिक्षकहरूको पेशागत क्षमता विकासका लागि तालिम, कार्यशाला, क्लस्टर बैठक र मेन्टरिङ कार्यक्रम सञ्चालन गर्नेछ । साथै सिकाइ उपलब्धि सुधार, समावेशी तथा समान पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गर्ने, विद्यालय पूर्वाधार विकास गर्ने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने तथा नियमित अनुगमन र मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने कार्यहरू पनि गरिनेछन् ।

यसका अतिरिक्त नगरपालिकाले सरोकारवालासँग समन्वय गरी स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा योजना कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा आवश्यक जनशक्ति, स्रोत व्यवस्थापन र तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई सुदृढ गर्ने प्रयास गर्नेछ । जनशक्ति व्यवस्थापन कानुन कार्यविधि निर्माण बजेटको सुनिश्चितता, तीन तहका सरकार बिचको समन्वय र सहकार्य, वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तैयारी, विभिन्न सरोकारवालालाई कार्यक्रमका बारेमा प्रबोधीकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिएको छ ।

## ५.२.३ उद्देश्यहरू

क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

## ५.२.४ रणनीतिहरू

क) सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

ग) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

घ) एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।

ङ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

च) विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने ।

छ) विद्यालय व्यवस्थापनलाई सशक्त र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

ज) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

झ) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

ञ) सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ**

**ख) प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र. सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | नियमित | | | | | | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | नियमित | | | | | | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | नियमित | | | | | | |
| ५ | एकीकृत शैक्षिक सूचना | निरन्तर | | | | | | |

| क्र. सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| | प्रणाली सुदृढीकरण | | | | | | | |
| ६ | शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | निरन्तर | | | | | | |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरुलाई थप सहजीकरण | निरन्तर | | | | | | |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

बेलबारी नगरपालिकाले शिक्षा सम्बन्धी सबै कार्यक्रमहरु वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ । सबै बिद्यालयहरुमा सञ्चालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिइएको छ । प्रत्येक विद्यालयले र स्थानीय तहले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम सञ्चालन गर्नेछन् । कार्यक्रम सञ्चालनको लागि बजेट र आवश्यक प्रबन्ध शिक्षा शाखाले गर्नेछ ।

कार्यक्रमहरुको कार्यान्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा र विद्यालय तहमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ । विद्यालय अनगुमनका क्रममा नगरपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपरिवेक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रूपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई सक्रिय हुनेछ ।

### ५.३.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरूमा अनुगमन,नियमन र मूल्याङ्कन गर्ने कार्य भइरहेको छ । खासगरी शिक्षा शाखाबाट अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको र जनप्रतिनिधिहरुबाट पनि समय समयमा अनुगमन गरिएको छ । विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । कहिलेकाहीं गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटीमा कमी छ । प्रभावकारी

अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचलनमा आवश्यक छ । सफलता, सिकाइ र राम्रा अभ्यासहरुको दस्तावेजीकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

ऐन,नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरू नियमित रूपमा भइरहेका छन् । सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङ्कन गरिनेछ ।

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराई, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्बन्धित वडाहरूले यस योजनासँग सम्बन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचारको माध्यामबाट समन्वय गर्नेछन । योजनाको कार्यान्वयनको क्रममा नगरपालिका, वडाहरू, सम्बन्धित समिति तथा उपसमितिहरूको बैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

### ५.३.३ उद्देश्य

क) अनुगमन तथा मूल्यांङ्कनको लागि संयन्त्रको निर्माण गर्नु

ख) अनुमगन तथा मूल्यांङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु

ग) योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतीहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु

### ५.३.४ रणनीतिहरू

क) प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने ।

ख) शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने ।

ग) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।

घ) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।

**ङ)** विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने ।

**च)** कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।

**छ)** योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

### ५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धिः** प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।

### ख) प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र. सं. | क्रियाकलाप विस्तृतीकरण | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | नियमित | | | | | | |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | |
| ३ | अनुगमन | नियमित | | | | | | |
| ४ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | नियमित | | | | | | |
| ५ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | निरन्तर | | | | | | |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण | निरन्तर | | | | | | |
| ७ | अनुगमन सम्बन्धी क्षमता विकास | निरन्तर | | | | | | |
| ८ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | नियमित | | | | | | |
| ९ | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | |
| १० | अध्ययन तथा अनुसन्धान | निरन्तर | | | | | | |

# परिच्छेद ६

# लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निशुल्क र अनिवार्य तथा माध्यमिक तह निशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यामिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका ट्यूसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तीय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययी,नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तीय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारबाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यो हुन सकेको छैन । कुल बजेटको कम्तिमा २० प्रतिशत शिक्षामा विनियोजन हुनु पर्ने भए तापनि सो अनुसार हुन सकेको छैन । यथार्थ अवस्थाको जगमा टेकेर योजना निर्माण गर्ने र बजेट विनियोजन गर्ने परीपाटी अझै विकसित हुन सकेको छैन । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा कमी देखिएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लैजाने नीति उल्लेख गरिएको छ ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शी बनाउनु चुनौतीका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रूपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको राम्रो अवसर प्रदान गरेको छ ।

## ६.२ वर्तमान अवस्था

विश्वव्यापी रूपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिबद्धता रहे तापनि नेपालमा सो अनुरुप हुन सकेको छैन । ससर्त अनुदानको रूपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९५ प्रतिशतभन्दा बढी रकम शिक्षक तलब भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र

क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन । विद्यार्थी सङ्ख्याका आधारमा एकाइ लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रति विद्यार्थी लागत २१ हजार रहेको छ । तिहारका देउसी भैलोदेखि अभिभावकको सहयोग समेत विद्यालयका आम्दानीका स्रोतहरू बनेको पाइन्छ ।

पञ्चवर्षीय नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रूपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता अनुसार स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका रिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । स्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

| क्र.स. | वित्तीय स्रोतको व्यवस्थापन | कूल बजेट (हजारमा) | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | १८२९२४२.८३ | ८८.८८ | |
| २ | प्रदेश सरकार | १५८४७.४० | ०.७७ | |
| ३ | स्थानीय सरकार | २१३०१३.७६ | १०.३५ | |
| जम्मा | | २०५८१०४ | १०० | |

## ६.३ उद्देश्य

क) योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,

ख) पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,

ग) उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

घ) खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु

## ६.४ रणनीतिहरू

क) सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने ।

ख) आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने ।

ग) स्रोतको उपयोग गर्ने विद्यालयलाई जवाफदेही बनाइने ।

घ) वार्षिक रूपमा कूल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने ।

ङ) शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने ।

च) मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने ।

छ) वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने ।

## ६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धि

क) शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,

ख) वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

## ६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्बन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट विवरण

| क्रस | शिक्षाका उपक्षेत्रहरू | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत (रु ००० मा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ३२१५५ | ३२१५५ | ३५१७३ | ३५५७३ | ३८९४८ | ३४८०००८ |
| २ | आधारभूत शिक्षा | १९६,७२५ | १९८६१९ | २१८,२७४ | २२०,९१० | २४२,५९१ | १०७७११९ |
| ३ | माध्यमिक शिक्षा | ५६७५५ | ६०२४८ | ६८००५ | ७२१५३ | ७९१८५ | ३३६३४६ |
| ४ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | २७०० | २७७५ | ३५०० | ३५५० | ४३०० | १६८२५ |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | ८१०० | ८७०५ | ९४१३ | १००७४ | ७१८८ | ४३४८० |
| ६ | शिक्षक व्यवस्थापन र विकास | ९६७३ | १०१५८ | १००२९ | ११६७३ | १२४७८ | ५४०११ |
| ७ | समता र समावेशीकरण | ५१०० | ५१०० | ७१०० | ७१०० | ७१०० | ३१५०० |
| ८ | शिक्षामा सूचना तथा सञ्चार प्रविधि | ६७५० | ६७५० | ८७२५ | ८७९५ | ८९१५ | ३९९३५ |

| क्रस | शिक्षाका उपक्षेत्रहरू | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत (रु ००० मा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा |
| ९ | विद्यालय भौतिक पूर्वाधार विकास | २१००० | २१००० | २१००० | २१००० | २१००० | १०५००० |
| १० | आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० |
| ११ | शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ९७५ | ९७५ | ९७५ | ९७५ | ९७५ | ४८७५ |
| १२ | योजना कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समन्वय र सहजीकरण | १०५० | ११०० | ११५० | ११५० | ११५० | ५६०० |
| १३ | विद्यालय दिवा खाजा तथा पोषण र सरसफाइ | ३०२८७ | ३१६९० | ३३३४० | ३५०८८ | ३७००४ | ३०२८७ |
| १४ | **जम्मा** | ३७१६७० | ३७९६७५ | ४१७०८४ | ४२८४४१ | ४६१२३४ | ११८२३८६ |

# परिच्छेद ७
# कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

## ७.१ परिचय

यस पालिकाले शिक्षा कार्यक्रम वार्षिक स्वीकृत कार्यक्रम अनुरूप कार्यान्वन गर्नेछ । स्थानीय तह र विद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिइएको छ । प्रत्येक विद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम सञ्चालन गर्नेछन । कार्यक्रम सञ्चालनको लागि बजेट र आवश्यक प्रबन्ध पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ ।

कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ । विद्यालय अनुगमनका क्रममा नगरपालिकाले समग्र (शैक्षिक, प्रशासनिक, शैक्षिक र भौतिक) पक्षको नियमित अनगुमन, सुपेरिवेक्षण, निरीक्षण गर्नेछन् । अनुगमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई त्यसलाई सक्रिय बनाइनेछ ।

## ७.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य भई रहेको छ । खासगरी नगरपालिकाको शिक्षा शाखावाट अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको र जनप्रतिनिधिहरुबाट पनि समय समयमा अनुगमन गरिएको छ । विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्याङ्कनका संरचना वा निकायहरु खडा भए तापनि सक्रिय बनाउन बाँकी नै छ । कहिलेकाहीं गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटीमा कमी छ । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समीक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचलनमा आवश्यक छ । सफलता, सिकाइ र राम्रा अभ्यासहरुको दस्तावेजीकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरू नियमित रूपमा भैरहेका छन् । सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ । बेलबारी नगरपालिकाको नगर शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराई सो कार्यान्वयन भए नभएको सम्बन्धित निकायबाट अनुगमन गरिनेछ । अनुगमन प्रक्रिया तपसिल बमोजिम हुनेछ ।

| क्र. स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रक्रिया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | | संयोजक | मासिक | |
| २ | नगर शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय इकाइ | | इकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | प्रमुख तथा पदाधिकारी | वार्षिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराई, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्बन्धित वडाहरूले यस योजनासँग सम्बन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा नगरपालिकाका वडाहरू, सम्बन्धित समिति तथा उपसमितिहरूको बैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

## ७.३ उद्देश्य

क) वार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,

ख) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु,

ग) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु ।

## ७.४ रणनीतिहरू

क) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने ।

ख) अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने ।

ग) शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने ।

घ) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आबद्ध गर्ने ।

ङ) योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने ।

च) प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने ।

छ) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने ।

ज) कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने ।

झ) सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने ।

ञ) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने ।

ट) पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने ।

## ७.५ उपलब्धि

**अ) उपलब्धिः** प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरू समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।

# अनुसूची - १

## कार्यपालिकाको बैठककबाट योजना तर्जुमा समिति गठनको निर्णय

<u>बैठक संख्या : १४०/२</u>

आज मिति २०८२।०९।१४ गते सोमबारका दिन दिनको १:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री दिल प्रसाद राईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपसिल बमोजिमका पदाधिकारी र सदस्यहरूको उपस्थितिमा बैठक बस्यो ।

<u>तपसिल</u>

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिल प्रसाद राई | प्रमुख | |
| २ | श्री नितु थापा | उपप्रमुख | |
| ३ | श्री मणी बहादुर पुलामी मगर | सदस्य | |
| ४ | श्री कृष्ण बहादुर गुरुङ | सदस्य | |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | |
| ६ | श्री चन्द्र बहादुर लिम्बु | सदस्य | |
| ७ | श्री डिल्ली बहादुर कटुवाल | सदस्य | |
| ८ | श्री टेक बहादुर राई | सदस्य | |
| ९ | श्री सुनिता चौधरी | सदस्य | |
| १० | श्री धनपती गौतम | सदस्य | |
| ११ | श्री सालिग्राम बस्नेत | सदस्य | |
| १२ | श्री गंगा बहादुर याक्खा | सदस्य | |
| १३ | श्री विक्रम राई | सदस्य | |
| १४ | श्री पार्वती बस्नेत गौतम | सदस्य | |
| १५ | श्री रिता राजवंशी | सदस्य | |
| १६ | श्री भिम कुमारी गुरुङ | सदस्य | |
| १७ | श्री सन्ध माया लिम्बु | सदस्य | |
| १८ | श्री निलम कुमारी राई | सदस्य | |
| १९ | श्री बद्री नारायण मण्डल | सदस्य | |
| २० | श्री जाँच मान याक्खा राई | सदस्य | |
| २१ | श्री विजय तोलाङी | सदस्य | |
| २२ | श्री संजय बहादुर राजलवट | सचिव | |

<table>
<tr><th>प्रस्ताव नं.</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td>ङ.</td><td>नगर शिक्षा योजना सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिकाको नगर शिक्षा योजना निर्माण गर्नका लागि प्रकृया अगाडि बढाउनका लागि रकम रु रु ३,००,०००/- अक्षेरुपि तीन लाख मात्र बजेट बिनियोजन गर्ने र सो को स्रोत शिर्षक नं. ९० बिद्यालय शैक्षिक सुधार कार्यक्रमबाट गर्ने साथै नगर शिक्षा योजना निर्माण गर्नका लागि तपसिल बमोजिमका समितिहरु गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>क. योजना तर्जुमा समिति
<table>
<tr><th>क.स</th><th>पद</th><th>नाम थर</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>संयोजक</td><td>कृष्ण बहादुर गुरुङ</td><td>सामाजिक विकास समिति संयोजक</td></tr>
<tr><td>२</td><td>सदस्य</td><td>गोविन्द भण्डारी</td><td>बेलबारी ११</td></tr>
<tr><td>३</td><td>सदस्य</td><td>कृष्ण हुमागाई</td><td>बेलबारी १०</td></tr>
<tr><td>४</td><td>सदस्य</td><td>घनश्याम गौतम</td><td>बेलबारी २</td></tr>
<tr><td>५</td><td>सदस्य</td><td>हरि नारायण चौधरी</td><td>बेलबारी ११</td></tr>
<tr><td>६</td><td>सदस्य</td><td>गिता शिवा</td><td>बेलबारी ४</td></tr>
<tr><td>७</td><td>सदस्य</td><td>ईन्द्र कुमारी गच्छदार</td><td>बेलबारी ६</td></tr>
<tr><td>८</td><td>सदस्य सचिव</td><td>प्रमुख, शिक्षा युवा तथा खेलकुद शाखा</td><td>बेलबारी नगरपालिका</td></tr>
</table></td></tr>
<tr><td>च.</td><td>नगर शिक्षा समितिको निर्णय अनुमोदन ।</td><td>मिति २०८२/०९/०७ गते बसेको बेलबारी नगर शिक्षा समितिको बैठकको निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>छ.</td><td>पदपूर्ति सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिकामा रिक्त रहेको देहाय बमोजिमको पदमा प्रतिस्पर्धात्मक प्रकृयाबाट करार सेवामा पदपूर्ति गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>देहाय<br>क. कार्यालय सहयोगी - ४ जना<br>ख. हलुका सवारी चालक - २ जना<br>ग. हेभी सवारी चालक - १ जना</td></tr>
<tr><td>ज.</td><td>आर्थिक सहायता सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिकाको कार्यालयमा देहाय बमोजिमका नागरिकले पेश गरेको आर्थिक सहयोग माग सम्बन्धी निवेदन उपर छलफल गरी तपसिल अनुसार आर्थिक सहायता प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>तपसिल
<table>
<tr><th>क.स.</th><th>नाम थर</th><th>ठेगाना</th><th>कारण</th><th>रकम रु</th><th>स्रोत</th></tr>
<tr><td>१</td><td>चन्दनी राजवंशी</td><td>बेलबारी ८</td><td>मजदुरी गर्न बिरगंज गएका ४५ वर्षिय निवेदकका श्रीमान प्रकाश मगरको सव ढुवानी गर्न ।</td><td>२५,०००/- अक्षेरुपि पच्चिस हजार मात्र</td><td>योजना नम्बर : १३७ शीर्षक : जनता उपचार कोष</td></tr>
<tr><td>२</td><td>चन्चला लिम्बु</td><td>बेलबारी ११</td><td>जंगली हात्तिको आक्रमणले निवेदकका छोरा अमित लिम्बुलाई जंगली हात्तिले आक्रमण गरी घाईते भएको हुँदा उपचार खर्च ।</td><td>५०,०००/- अक्षेरुपि पचास हजार मात्र</td><td>योजना नम्बर : १३७ शीर्षक : जनता उपचार कोष</td></tr>
<tr><td>३</td><td>किस्मत राजवंशी</td><td>बेलबारी ८</td><td>जंगली हात्तिको आक्रमण गरी मृत्यु भएकी किस्मत राजवंशीका श्रीमान सुरेन्द्र राजवंशीलाई विपद राहत बापत ।</td><td>५०,०००/- अक्षेरुपि पचास हजार मात्र</td><td>योजना नम्बर : ३४६ शीर्षक : बिपत व्यवस्थापन कोष</td></tr>
</table></td></tr>
<tr><td>झ.</td><td>योजना संशोधन सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत अनुसूची १ बमोजिमका बजेट तथा कार्यक्रमहरु संशोधन गर्नका लागि आगामी नगर सभा समक्ष पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
</table>

# अनुसूची - २

## योजना तर्जुमा समितिले योजना निर्माण कार्यदल गठन गरेको निर्णय

बैठक नं. १

आज मिति २०८२/ १२/ ०२ का दिन बेलबारी नगरपालिका कार्यपालिकाको मिति २०८२/०९/ १४ गतेको निर्णय अनुसार नगर शिक्षा योजना निर्माणका लागि गठन गरीएको योजना तर्जुमा समितिको बैठक समितिका संयोजक श्री कृष्ण बहादुर गुरुङको अध्यक्षतामा तपशिलको उपस्थितिमा बसी तपशिलका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरीयो ।

उपस्थिति:

संयोजक – श्री कृष्ण बहादुर गुरुङ

सदस्य- श्री गोविन्द भण्डारी

सदस्य -श्री कृष्ण हुमागाई

सदस्य- श्री घनश्याम गौतम

सदस्य -श्री हरि नारायण चौधरी

सदस्य -श्री गिता शिवा

सदस्य -श्री ईन्द्र कुमारी गच्छदार

सदस्य सचिव -श्री नरमाया रोक्का

प्रस्तावहरु:

१. कार्य योजना सम्बन्धमा
२. कार्यदल गठन सम्बन्धमा
३. बिविध

निर्णयहरु:

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा बेलबारी नगरपालिका कार्यपालिकाको मिति २०८२/ ०९/ १४ गतेको निर्णय अनुसार नगर शिक्षा योजना निर्माणका लागि यो समिती गठन गरिएकोमा नगर शिक्षा योजना निर्माण कार्यलाई व्यवस्थित ढङ्गले सम्पन्न गर्नका लागि तपशिल बमोजिमको कार्य योजना निर्माण गरीयो। तपशिल:

| क्र. सं. | कार्य विवरण | समय सिमा | जिम्मेवारी |
|---|---|---|---|
| १. | योजना निर्माण कार्यदल गठन | चैत्र २, ०८२ | योजना तर्जुमा समिति |
| २. | प्रथम मसौदा तयारी (First Draft) | चैत्र ३०,०८२ | योजना निर्माण कार्यदल |
| ३. | सरोकारवालाहरुको भेला, छलफल तथा सुझाव संकलन | जेठ ७ गते, ०८३ | योजना तर्जुमा समिति |
| ४. | योजना मूल्याङ्कन विज्ञ टोली गठन | जेठ ५ गते, ०८३ | योजना तर्जुमा समिति |
| ५. | मूल्याङ्कन प्रतिबेदन प्रस्तुती | जेठ ९ गते, ०८३ | योजना मूल्याङ्कन विज्ञ टोली |
| ६. | योजनाको अन्तिमिकरण (Finalization) | जेठ १० गते, ०८३ | योजना तर्जुमा समिति |
| ७. | योजना स्वीकृती (Approval) का लागि नगर प्रमुख समक्ष प्रस्तुत गर्ने | जेठ १० गते, २०८३ | योजना तर्जुमा समिति |

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा नगर शिक्षा योजना निर्माण कार्यलाई छिटो छरीतो रुपमा सम्पन्न गर्नका लागि तपशिलको ३ सदस्यिय कार्यदल निर्माण गरी २०८२ चैत्र मसान्त भित्र योजनाको पहिलो मसौदा तयार गरी समिति समक्ष प्रस्तुत गर्ने जिम्मेवारी दिने निर्णय गरीयो।

तपशिल:

क. संयोजक – श्री गुरुप्रसाद अधिकारी – स्रोत विज्ञ, शिक्षा, यूवा तथा खेलकुद शाखा

ख. सदस्य- श्री सिताराम बोहरा – शिक्षा अधिकृत, शिक्षा, यूवा तथा खेलकुद शाखा

ग. सदस्य श्री दीक्षा तुम्सा- प्रधानाध्यापक , महेन्द्र मा. वि. बेलबारी १०

# अनुसुची — ३

## योजना तर्जुमा समितिबाट सुझाव संकलनका लागी सरोकारवालाहरुको भेला गर्ने सम्बन्धि निर्णय

बैठक नं. २

आज मिति २०८३/ ०१/ ०७ का दिन बेलबारी नगरपालिका नगर शिक्षा योजना तर्जुमा समितिको बैठक समितिका संयोजक श्री कृष्ण बहादुर गुरुङको अध्यक्षतामा तपशिलको उपस्थितिमा बसी तपशिलका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरीयो।

उपस्थिति:

संयोजक – श्री कृष्ण बहादुर गुरुङ

सदस्य- श्री गोविन्द भण्डारी

सदस्य -श्री कृष्ण हुमागाई

सदस्य- श्री घनश्याम गौतम

सदस्य -श्री हरि नारायण चौधरी

सदस्य -श्री गिता शिवा

सदस्य -श्री ईन्द्र कुमारी गच्छदार

सदस्य सचिव -श्री नरमाया रोक्का

प्रस्तावहरु:

१. सरोकारवालाहरुको भेला सम्वन्धमा
२. बिविध

निर्णयहरु:

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा नगर शिक्षा योजना निर्माणका लागि मिति २०८२/ १२/ ०२ को निर्णय अनुसार गठन गरीएको कार्यदले प्रथम मसौदा तयार गरी निर्धारीत समय सिमा भित्र समिति समक्ष प्रस्तुत गरेको हुदा योजनाको मसौदा माथी छलफल गरी सुझाव संकलनका लागि मिति २०८३/ ०२/ ०७ गतेका दिन सरोकारवालाहरुको भेला आयोजना गर्ने निर्णय गरीयो।

## अनुसूची - ४

## योजना तर्जुमा समितिले योजना मुल्याङ्कन विज्ञ टोली गठन गरेको निर्णय

बैठक नं. ३

ाज मिति २०८३/०२/०५ गते मंगलबार दिउँसो २:०० बजे नगर शिक्षा योजना तर्जुमा समितिको बैठक समितिका ंयोजक श्री कृष्ण बहादुर गुरुङ ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी तपसिलका प्रस्तावहरु माथि छलफल ारी देहायको निर्णय गरियो ।

ुपस्थिति:-

ंयोजक- श्री कृष्ण बहादुर गुरुङ
दस्य — श्री गोविन्द भण्डारी
दस्य — श्री कृष्ण हुमागाई
दस्य — श्री धनश्याम गौतम
दस्य — श्री हरि नारायण चौधरी
दस्य — श्री गिता शिवा
दस्य — श्री ईन्द्र कुमारी गच्छदार
दस्य सचिव — श्री नर माया रोका

ावहरु:-

१. विज्ञ टोली गठन गर्ने सम्बन्धमा ।

२. विविध सम्बन्धमा ।

निर्णय नं. १.

प्रस्ताव नं. १ माथि छलफल गर्दा नगर शिक्षा योजनाको मस्यौदामा सरोकारवालाहरुबाट प्राप्त सुझावहरु समावेश गर्ने र सो मस्यौदाको मुल्यांकन गरी आवश्यक सुझाव सहित प्रतिवेदन प्रस्तुत गर्न तपसिल बमोजिमको योजना मुल्याङ्कन विज्ञ टोली गठन गर्ने साथै उक्त टोलीलाई मिति २०८३/०२/०९ गते सम्ममा प्रतिवेदन प्रस्तुत गर्ने जिम्मेवारी दिने निर्णय गरियो ।

तपसिल:-

क. संयोजक - श्री भूपेन्द्र प्रसाद कोइराला- क्याम्पस प्रमुख- बेलबारी बहुमुखी क्याम्पस, बेलबारी, मोरङ

ख. सदस्य — श्री गणेश प्रसाद दाहाल — सह-प्राध्यापक- सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ

ग. सदस्य — श्री तोर्णराज पौडेल — प्रधानाध्यापक — धनपाल मा.वि., बेलबारी- ५, मोरङ

# अनुसूची - ५

कार्यदलले पेश गरेको योजनालाई योजना तर्जुमा समितिबाट कार्यपालिकामा स्वीकृतिका लागि पेश गर्ने निर्णय

<u>बैठक नं. ४</u>

आज मिति २०८३/०२/०९ गते अपरान्ह ४:०० बजे नगर शिक्षा योजना तर्जुमा समितिको बैठक समितिका संयोजक श्री कृष्ण बहादुर गुरुङ ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी देहायको निर्णय गरियो ।

<u>उपस्थिति:-</u>

संयोजक- श्री कृष्ण बहादुर गुरुङ

सदस्य — श्री गोविन्द भण्डारी

सदस्य — श्री कृष्ण हुमागाईं

सदस्य — श्री घनश्याम गौतम

सदस्य — श्री हरि नारायण चौधरी

सदस्य — श्री गिता शिवा

सदस्य — श्री ईन्द्र कुमारी गच्छदार

सदस्य सचिव — श्री नर माया रोका

<u>प्रस्तावहरु:-</u>

१. कार्यपालिका बैठकमा सिफारिस सम्बन्धमा ।

२. विविध सम्बन्धमा ।

निर्णय नं. १ माथि छलफल गर्दा योजना निर्माण कार्यदल र योजना मूल्यांकन विज्ञ टोलीद्वारा पेस गरेको नगर शिक्षा योजनालाई अध्ययन तथा छलफल गरेर हेर्दा योजनालाई अन्तिम रुप दिन मिल्ने गरी आवश्यक सुझाव सहित आगामी कार्यपालिका बैठकबाट पारित गराई मिति २०८३/०२/१४ गतेसम्ममा यस नगरपालिकाको आधिकारिक वेवसाइडमा अपलोड गर्न सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

# अनुसूची - ६

## नगर शिक्षा योजनामा सुझाव संकलनका लागि सरोकारवालाहरुको उपस्थिति विवरण

### बेलबारी नगरपालिका

नगर शिक्षा योजना को मसौदा माथी सरोकारवालाहरु संगको छलफल तथा सुझाव संकलन कार्यक्रम

मिती: २०८३/०२/०७

स्थान: बेलबारी नगरपालिका, सभा हल

आज मिती २०८३/०२/०७ का दिन बेलबारी नगरपालिकाका नगर प्रमुख श्री दिलप्रसाद राईको अध्यक्षता भएको सरोकारवालाहरुको भेलालाले समितीले छलफलका लागि प्रस्तुत गरेको नगर शिक्षा योजनाको मसौदा माथी तपशिलको उपस्थितीमा छलफल गरी महत्वपुर्ण सुझावहरु सहित पारीत गरीयो ।

उपस्थिती:

| क्र. सं. | नाम | संस्था | पद | हस्ताक्षर | मोबाईल नं. |
|---|---|---|---|---|---|
| १. | दिलप्रसाद राई | बेलबारी नगरपालिका | प्रमुख | [illegible] | |
| २. | नितु थापा कोईराला | बेलबारी नगरपालिका | उप प्रमुख | [illegible] | |
| ३. | सञ्जय बहादुर राजलवट | बेलबारी नगरपालिका | प्रमुख प्रसाशकिय अधिकृत | | |
| ४. | कृष्ण बहादुर गुरुङ | शिक्षा योजना तर्जुमा समिती | संयोजक | [illegible] | [illegible] |
| ५. | नरमाया रोक्का | शिक्षा शाखा | शाखा प्रमुख | [illegible] | ९८६२१८५९२९ |
| ६. | श्री गोविन्द भण्डारी | शिक्षा योजना तर्जुमा समिति | सदस्य | [illegible] | ९८६२०२२६३० |
| ७. | श्री कृष्ण हुमागाई | शिक्षा योजना तर्जुमा समिति | सदस्य | [illegible] | 9842073990 |
| ८. | सदस्य- श्री घनश्याम गौतम | शिक्षा योजना तर्जुमा समिति | सदस्य | [illegible] | ९८४२०६१२९८ |
| ९. | श्री हरि नारायण चौधरी | शिक्षा योजना तर्जुमा समिति | सदस्य | | ९८०४३६५१९९ |
| १०. | श्री गिता शिवा | शिक्षा योजना तर्जुमा समिति | सदस्य | [illegible] | ९८४२९०४७८ |
| ११. | श्री ईन्द्र कुमारी गच्छदार | शिक्षा योजना तर्जुमा समिति | सदस्य | [illegible] | ६६ |
| १२. | श्री शिवप्रसाद खनाल | श्री जनता मा.वि. बेलबारी-१ | अध्यक्ष | [illegible] | ९८४२०४८८३६ |
| १३. | [illegible] अधिकारी | [illegible] मा.वि. बेलबारी-५ | प्र.अ. | [illegible] | ९८४२०२२८३० |
| १४. | नारायण कोइराला | श्री काली मा.वि. बेलबारी-५ | प्र.अ. | [illegible] | ९८४२०५५८३२ |
| १५. | [illegible] | श्री [illegible] | | [illegible] | ९८४२०६८४१५ |
| १६. | [illegible] | कावेरी मा.वि. बेलबारी-४ | अभिभावक | [illegible] | ९८१४३२००९० |
| १७. | तिला गौतम/[illegible] | नगर शिक्षा समिती | सदस्य | [illegible] | ९८४२०६८५६६ |
| १८. | राम [illegible] | नेपाल मा.वि. | अध्यक्ष | [illegible] | |

| | नाम | संस्था/विद्यालय | पद | हस्ताक्षर | मो. नं. |
|---|---|---|---|---|---|
| १८. | तीर्थबहादुर रवल | श्री महेन्द्र मा.वि.-१० | सदस्य | [illegible] | ९८११३२६९५८ |
| १९. | दिक्षा तुम्सा | " " " | प्र.अ. | [illegible] | ९८६६२८३०८२ |
| २०. | तुलसी प्र. विश्वकर्मा | " जनता मा.वि. वाङ्गुनी | " " | [illegible] | ९८४९०४१८५९ |
| २१. | तोर्णराज पौडेल | भिरपाल मा.वि. बेलबारी-४ | प्र०अ० | [illegible] | ९८४२४९९३६२ |
| २२. | [illegible]प्रसाद कोइराला | श्री धरनाथ मा.वि. | प्र.अ. | [illegible] | ९८४२४१९०४८ |
| २३. | चेत बहादुर बुढाथोकी | श्री जनता नमुना बाङ्गुनी मा.वि. | अध्यक्ष | [illegible] | ९८४२९४४९४३ |
| २४. | श्रीमती घिमिरे | नगर शिक्षा बेलबारी | अध्यक्ष | [illegible] | ९८४२०२८८९ |
| २५. | विनोद भण्डारी | नगर व्यवसाय बेलबारी | सचिव | [illegible] | ९८४२८६२८८६ |
| २६. | राजिन थापा मगर | श्री [illegible] इं. स्कुल | प्र.अ. | [illegible] | ९८४२५४६६३२ |
| २७. | दिल्लीराम घिमिरे | श्री विरेन्द्र मा.वि. | प्र.अ. | [illegible] | ९८४००८८९५ |
| २८. | टेकराज खबाई मगर | श्री जनता मा.वि. बेलबारी-९ | स.प्र.अ. | [illegible] | ९८४२०२६२६९ |
| २९. | नारायण के. [illegible] | श्री माउन्ट ए.इं. स्कुल-११ | प्रिन्सिपल | [illegible] | ९८४२०२४५९३ |
| ३०. | सरस्वती पाथमोदी | शिवा शहीद स्कुल | सदस्य | [illegible] | 9817301909 |
| ३१. | हरि के. [illegible] | लक्ष्मी मा.वि. | प्र.अ. | [illegible] | ९८०६०३८९२८ |
| ३२. | नारायण प्र. आचार्य | भगवती मा.वि. | प्र.अ. | [illegible] | [illegible] |
| ३३. | [illegible] | नगर शिक्षा [illegible] | सदस्य | [illegible] | 9842108935 |
| ३४. | [illegible] | श्री जनता मा.वि. | अध्यक्ष | [illegible] | 9862058240 |
| ३५. | [illegible] कुमारी [illegible] | नगर शिक्षा स. सदस्य | सदस्य | [illegible] | 98420[illegible] |
| ३६. | इन्दिरा कुमारी [illegible] | नगर शिक्षा स. सदस्य | " | [illegible] | 9807040605 |
| ३७. | अभय लिम्बू | श्री [illegible] मा.वि. | प्र.अ. | [illegible] | 9840245373 |
| ३८. | हेम सागर [illegible] | श्री भगवती मा.वि. | अध्यक्ष | [illegible] | 985203574[illegible] |
| ३९. | भुपाल बस्नेत | शिक्षा सुन्दरा मा.वि. | अध्यक्ष वि.व्य.स. सदस्य | [illegible] | ९८४२१२८३८२ |
| ४०. | [illegible] | [illegible] | [illegible] | [illegible] | 9842247988 |
| ४१. | गुरु प्रसाद अधिकारी | नगर शिक्षा योजना निर्माण कार्यदल | संयोजक | [illegible] | ९८४२०२९०२६ |
| ४२. | सितासाम बोहोरा | नगर शिक्षा योजना निर्माण कार्यदल | सदस्य | [illegible] | ९८४२४१६८४६ |
| ४३. | | | | | |
| ४४. | | | | | |
| ४५. | | | | | |
| ४६. | | | | | |
| ४७. | | | | | |
| ४८. | | | | | |
| ४९. | | | | | |
| ५०. | | | | | |
| ५१. | | | | | |

अनुसूची - ७

## योजना निर्माण कार्यदल र मूल्याङ्कन विज्ञ टोलीको संयुक्त बैठकको निर्णय

श्री

आज मिति २०७८।२।५ का दिन बेलबारी नगरपालिका नगर शिक्षा योजना निर्माण प्रक्रिया अनुसार गठन भएको नगर शिक्षा योजना विज्ञ टोली र योजना निर्माण कार्यदलको संयुक्त बैठक विज्ञ टोलीका संयोजक श्री भुपेन्द्र प्रसाद कोइरालाको अध्यक्षतामा बसी योजनाको मस्यौदा माथी छलफल गरी देहाय बमोजिमका सुझावहरु प्रदान गरियो।

उपस्थिति:

(१) श्री भुपेन्द्रप्रसाद कोइराला- संयोजक विज्ञ टोली

(२) श्री गणेशप्रसाद दहाल - सदस्य " "

(३) श्री तीर्थराज पौडेल - सदस्य " "

(४) श्री गुरुप्रसाद अधिकारी - संयोजक योजना निर्माण कार्यदल

(५) श्री शिक्षा गुम्सा - सदस्य, योजना निर्माण कार्यदल

(६) श्री सितराम बोहरा - सदस्य, योजना निर्माण कार्यदल

प्राप्त सुझावहरु

(१) वर्तमान अवस्थालाई तालिकीकरण गर्ने

(२) मानवस्रोतको अवस्था र ५ वर्षको योजना/लक्ष्य निर्धारण गर्ने,

(३) विषयगत र कक्षागत सिकाइ उपलब्धीलाई हरेक वर्षको तालिकीकरण गर्ने,

(४) ICT र वर्षमा कक्षाकोठामा कस्तो स्थीतिमा पुर्याउने हो योजना/लक्ष्य निर्धारण गर्ने,

(५) उत्कृष्ट प्र.अ. शिक्षक र विद्यार्थीलाई पुरस्कृत गर्ने योजना/लक्ष्य निर्धारण गर्ने,

(६) शिक्षकको इ-हाजिरीलाई सेवा सुविधा वा कार्यसम्पादनमा जोड्ने योजना/लक्ष्य निर्धारण

(७) SWOT Analysis गरी योजनालाई थप परिस्कृत गर्ने

९) हरेक उपक्षेत्रमा बेलबारी विशेष (Belbari Specific) कार्यक्रम पहिचान गरी योजनामा लक्ष्य निर्धारण गर्ने,

१०) विद्यालयहरूको विद्यालय सुधार योजनामा बार लक्ष्य र योजनाहरू समावेश गर्ने,

११) विद्यालयहरूको भवन, शौचालय, खानेपानी, शौचालय, खेलमैदान जस्ता भौतिक संरचनाको अवस्था र हरेक वर्षको लक्ष्य निर्धारण गर्ने,

१२) आइसिटि, स्मार्ट बोर्ड, इन्टरएक्टिभ ह्वाइट बोर्ड, कम्प्युटर, प्रोजेक्टर जस्ता डिभाइसहरूको वर्तमान स्थिति र ५ वर्षको हरेक वर्षको लक्ष्य निर्धारण गरी तालिकिकरण गर्ने ।

# अनुसूची — ८

## बेलबारी नगरपालिका, नगरकार्यपालिकाबाट नगर शिक्षा योजना स्वीकृतिको निर्णय

निर्णयहरू

निर्णय नं. १. मिति २०८३/०१/०७ गते बसेको १४४ औं कार्यपालिका बैठकले गरेका निर्णयहरूको समीक्षा गर्दा देहाय बमोजिम निर्णय कार्यान्वयनको अवस्था रहेको पाइयो ।

देहाय

| क.सं. | निर्णय नं. | प्रस्ताव | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | २ | आयोजना बैंकमा समावेश गरिने योजना तथा कार्यक्रम सम्बन्धमा । | भएको | |
| २ | ३ | बहुवर्षीय योजना सम्बन्धमा । | प्रक्रियामा रहेको । | |
| ३ | ४ | नगर शिक्षा समितिमा सदस्य मनोनयन सम्बन्धमा । | भएको | |
| ४ | ५ | योजना/कार्यक्रम सम्झौताको समय सीमा सम्बन्धमा । | भएको | |
| ५ | ६ (बिबिध) | | | |
| | क | नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा । | भएको | |
| | ख | धरौटी सम्बन्धमा । | नभएको | |
| | ग | आर्थिक सहायता सम्बन्धमा । | भएको | |
| | घ | संस्था दर्ता सम्बन्धमा । | भएको | |

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| २ | आ.व. २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा । | क. बेलबारी नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम पेस गर्न मिति २०८३/०२/२९ गते बेलबारी नगरपालिकाको १९ औं नगर सभाको अधिवेशन आव्हान गर्ने सर्वसम्मत निर्णय गरियो।<br>ख. बेलबारी नगरपालिकाका शाखा र वडा समितिबाट बजेट मार्गदर्शन र सीमाको आधारमा आ.व. २०८३/२०८४ को बजेट तथा कार्यक्रममा समावेश गरिने आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी जेठ १५ गते भित्र विषयगत समितिमा पेस गर्ने साथै वडा समिति र शाखा मार्फत प्राप्त बजेट तथा कार्यक्रम विषयगत समितिमा छलफल, प्राथिमिकीकरण र साङ्केतिकरण गरी जेठ २५ गते सम्म बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस गरिसक्नु पर्ने सर्वसम्मत निर्णय गरियो । |
| ३ | नगर शिक्षा योजना सम्बन्धमा। | बेलबारी नगरपालिकाको नगर शिक्षा योजना २०८२- २०८७ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ४ | संस्था दर्ता सम्बन्धमा। | बेलबारी नगरपालिकाको उद्योग, सहकारी तथा संघसंस्था शाखाबाट देहाय बमोजिमका संस्थाहरुले संस्था दर्ता ऐन, २०७६ को दफा ४ तथा दफा ७ को उपदफा २ बमोजिम आवश्यक प्रक्रिया पुरा गरेको भनी पेश भएको हुँदा उक्त संस्थाहरु दर्ता गर्न स्वीकृति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।<br>क. चौतारी नौमती बाजा महिला समूह बेलबारी १<br>ख. श्री रणपाल महराज थान संरक्षण समिति, बेलबारी ८ |
| ५ | सहकारी संस्थाहरुको पुनर्लिखित विनियम सम्बन्धमा । | बेलबारी नगरपालिकाको उद्योग, सहकारी तथा संघसंस्था शाखाबाट प्रक्रिया पुऱ्याई पेस भएका तपसिल बमोजिमका सहकारी संस्थाहरुको पुनर्लिखित विनियम सहकारी ऐन, २०७५ को दफा २९ (१) र २९ (२) तथा बेलबारी नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा १९ बमोजिम संशोधन तथा पुर्नलेखितको आधार देखिएकाले साथै उक्त सहकारी संस्थाहरुको साधारणसभाबाट समेत स्वीकृत भई आएका देहाय बमोजिमका पुनर्लिखित विनियम स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो । |